विधेयक सङ्ख्याः

# निःशुल्क कानूनी सहायता सम्बन्धी कानूनलाई संशोधन र एकीकरण गर्न बनेको विधेयक

**सङ्घीय संसद सचिवालय**

संसद भवन, सिंहदरबार

२०८३

<u>निःशुल्क कानूनी सहायता सम्बन्धी कानूनलाई संशोधन र एकीकरण गर्न बनेको विधेयकको सौद्धान्तिक अवधारणा पत्र</u>

१. <u>नयाँ ऐन बनाउनु पर्ने आवश्यकताः</u>

नेपालको संविधान, नेपाल पक्ष भएका सन्धि सम्झौता, सरकारको नीति तथा कार्यक्रममा कानूनी सहायताका विषयमा उल्लेख गरिएको छ।एकीकृत कानूनी सहायता सम्बन्धी विधेयक निर्माण सम्बन्धी आधार र कारण देहाय बमोजिम संक्षिप्तरुपमा रहेको छ :-

(क) संवैधानिक कारणः

नेपालको संविधानले असमर्थ पक्षले कानूनी सहायता प्राप्त गर्ने हकलाई मौलिक हकको रुपमा प्रत्याभूत गरेको छ।नेपालको संविधानको धारा २० को न्याय सम्बन्धी हक अन्तर्गतको उपधारा (२) मा पक्राउमा परेको व्यक्तिलाई पक्राउ परेको समयदेखि नै आफूले रोजेको कानून व्यवसायीसँग सल्लाह लिन पाउने तथा कानून व्यवसायीद्धारा पुर्पक्ष गर्ने हक हुने व्यवस्था रहेको र सोही धाराको उपधारा (१०) मा असमर्थ पक्षलाई कानून बमोजिम निःशुल्क कानूनी सहायता पाउने हक हुनेछ भन्ने उल्लेख गरिएको छ।

संविधानको उपर्युक्त व्यवस्था कार्यान्वयन गर्ने सम्बन्धमा कानूनी सहायता सम्बन्धी ऐन, २०५४ विद्यमान रहेको छ।सो ऐनले मूलतः व्यक्तिको आय अनुसार असमर्थ पक्ष निर्धारण गरी सोही आधारमा कानूनी सहायता प्रदान गर्ने दृष्टिकोण राखेको छ। नेपालको संविधानको भावना अनुरुप निःशुल्क कानूनी सहायता प्राप्त गर्ने असमर्थ पक्षको दायरा फराकिलो बनाउन, न्यायिक निकायमा मात्रै सिमित कानूनी सहायतालाई अदालत वा अर्धन्यायिक निकायमा विस्तार गर्न, फौजदारी न्यायप्रणालीमा अदालती कारबाहीको क्रममा मात्र नभई गिरफ्तार हुँदाकै अवस्था देखि कानूनी सहायता प्रदान गर्न तथा हाल कानूनी सहायता प्राप्त गर्न असमर्थ पक्षले व्यहोर्नुपरेको कठिनाई हटाई कानूनी सहायता प्राप्त गर्न प्रक्रियागत सरलता अपनाउन कानूनी सहायता सम्बन्धी नयाँ ऐन जरुरी परेको छ।

नेपालको संघीय शासन प्रणाली बमोजिका राज्यका तिनवटै तहबिच समन्वयात्मक र एकीकृत रुपमा कानूनी सहायता प्रदान गर्ने व्यवस्था गरी कानूनी सहायताको लागि उपलब्ध स्रोतको उच्चतम उपयोग गर्ने तथा कानूनी सहायताको गुणस्तर, दायरा तथा पहुँच समेत फराकिलो बनाई प्रभावकारी रुपमा कानूनी सहायता प्रदान गर्ने सम्बन्धी आवश्यक कानूनी तथा संस्थागत व्यवस्था गर्नु पर्ने भएको छ।

(ख) अन्तराष्ट्रिय दायित्वः

नेपाल सन्धि ऐन, २०४७ को दफा ९ को उपदफा (१) मा नेपाल पक्ष भएको सन्धि नेपाल कानूनसँग बाझिएमा सन्धिको व्यवस्था लागू हुने र त्यस्तो सन्धिको व्यवस्था नेपाल कानून सरह

लागू हुने व्यवस्था रहेको छ। नेपाल पक्ष भएका मानवअधिकार सम्बन्धी विभिन्न सन्धिहरुमा कानूनी सहायताको अधिकारलाई मानव अधिकारको महत्वपूर्ण विषयको रुपमा उल्लेख गर्दै कानूनको अगाडि समानता र समान संरक्षणको व्यवस्था गरेको छ।

नागरिक तथा राजनीतिक अधिकार सम्बन्धी अन्तर्राष्ट्रिय प्रतिज्ञापत्र,(१९६६)(International Covenant on Civil and Political Right) (ICCPR)ले हक हनन हुने व्यक्तिको उपचार प्राप्त गर्ने तथा विना भेदभाव कानूनको समान संरक्षणको प्रत्याभूति गरेको छ। खासगरी उक्त प्रतिज्ञापत्रको धारा १४.३ मा अभियोग लागेको व्यक्तिलाई आफैंले वा आफ्नो कानूनी सहायतामार्फत आफ्नो प्रतिरक्षाको सुनिश्चितता गरिनुपर्ने उल्लेख छ।

फौजदारी न्याय प्रणालीमा कानूनी सहायता सुनिश्चितता कायम गर्ने सन्दर्भमा संयक्त राष्ट्र संघीय फौजदारी न्याय प्रणालीमा कानूनी सहायताको पहुँच सम्बन्धी सिद्धान्त र मार्गदर्शन, २००६ (United Nations Principles and Guidelines on Access to Legal Aid in Criminal Justice Systems, 2006)[1] रहेको छ। उक्त दस्तावेजमा कानूनको शासनमा आधारित स्वच्छ मानवीय र प्रभावकारी फौजदारी न्याय प्रणालीका लागि कानूनी सहायता महत्वपूर्ण पक्ष हो भन्ने स्वीकार गर्दै कानूनी सहायताका विभिन्न १४ वटा सिद्धान्त तथा १८ वटा मार्गदर्शन उल्लेख गरिएको छ।

(ग) सर्वोच्च अदालतको फैसलाः

सर्वोच्च अदालतले न्यायिक सक्रियतामार्फत सामाजिक न्याय कायम गर्ने सन्दर्भमा विभिन्न फैसलाहरु गरेको पाइन्छ। फौजदारी मुद्दाका सम्बन्धमा समेत कानूनी सहायताको विषयलाई महत्व दिइएको पाइन्छ। पुनरावेदक श्री Florin Percul वि. वादी नेपाल सरकार भएको (ने.का.प. २०६४, नि.नं. ७८१८, अङ्क २)[2] मुद्दामा Testimonial हुने कार्यमा ICCPR को धारा १४ (३) को (a) र (f) आकर्षण हुन्छ र यस्तो Suspect/accused लाई Covenant ले दिएको धारा १४ (३) को (a) र (f) को सुविधा अनिवार्यरुपले उपलब्ध गराउनु पर्ने नजिर प्रतिपादन भएको छ। Mathbar Singh v. Anti-Corruption Court[3] को मुद्दामा सर्वोच्च अदालतले आफुले रोजेको कानुन व्यवसायीसँग सल्लाह लिन पाउने तथा कानुनी व्यवसायीसँग पुर्पक्ष गर्न पाउने मौलिक अधिकार भएको नजिर प्रतिपादन भएको छ।

(घ) सरकारको नीति तथा कार्यक्रमः

नेपाल सरकारको वार्षिक नीति तथा कार्यक्रम र पन्ध्रौ आवधिक योजनामा समेत एकीकृत कानूनी सहायता नीति अवलम्बन गर्ने कार्यक्रमलाई महत्वका साथ समावेश गरिएको छ। पन्ध्रौं आवधिक योजनाको न्याय प्रणाली सम्बन्धी खण्ड (९.७) मा नेपालको न्याय प्रणालीलाई स्वतन्त्र, निष्पक्ष,

---

[1] https://www.unodc.org/documents/justice-and-prison-reform/UN_principles_and_guidlines_on_access_to_legal_aid.pdf
[2] https://nkp.gov.np/full_detail/3786
[3] Bishal Khanal, Right to Counsel in Nepalese law: A Brief Review, 111 NAYADOOT, at 53 (Jestha, Ashad, 2056)

पहुँचयोग्य, सक्षम र विश्वसनीय बनाउने सोच सहित निःशुल्क कानूनी सहायता सेवालाई सबैको पहुँचयोग्य र प्रभावकारी बनाउने रणनीति (४.४)(३) लिइएको छ। जसका लागि निशुल्क कानूनी सहायता सेवालाई सबैको पहुँचयोग्य र प्रभावकारी बनाउँदै कार्यान्वयन निकायको संस्थागत सुदृढीकरण एवं क्षमता विकास गर्ने, स्वेच्छिक कानूनी सहायता (प्रो वोनो) लाई प्रभावकारीरुपमा प्रयोगमा ल्याउने एवं न्यायमा सहज पहुँचको अभिवृद्धिका लागि कानूनी पूर्वाधार तयार गरी प्रभावकारी रुपमा कार्यान्वयनमा ल्याई हिंसा र विभेदरहित न्यायपूर्ण समाजको सिर्जना गर्ने समेतको कार्यनीति अपनाउने उल्लेख छ।

सर्वोच्च अदालतको चौथो रणनीतिक योजनाले कानूनी सहायतालाई प्रभावकारी बनाउन वैतनिक कानून व्यवसायीको सेवा सम्बन्धी निर्देशिकालाई पुनरावलोकन गरी थप प्रभावकारी बनाउने, स्वेच्छिक निःशुल्क कानूनी सेवा सञ्चालन निर्देशिका कार्यान्वयन गर्ने तथा स्वेच्छिक निःशुल्क कानूनी सेवालाई कानूनी सेवा प्रदान गर्ने कानून व्यवसायीहरूको सूची अद्यावधिक गरी विद्युतीय माध्यम, अदालत र बार एशोसिएशनको सूचना पाटीमा प्रकाशन गर्ने लगायतका कार्य गर्ने लक्ष्य राखेको छ। त्यसैगरी सरकारी वकीलको प्रथम राष्ट्रिय सम्मेलन तथा नेपाल बार एशोसिएशनको तेह्रौं राष्ट्रिय सम्मेलन समेतबाट विद्यमान निःशुल्क कानूनी सहायता सम्बन्धी कानून, नीति तथा अभ्यासमा पुनरावलोकन र आवश्यक नीति तथा कानूनको निर्माण गरी एकीकृत कानूनी सहायता प्रणाली लागू गर्न नेपाल सरकारलाई आव्हान गरेको छ।

नेपाल सरकार, मन्त्रिपरिषद्बाट मिति २०७६।०९।१४ मा एकीकृत कानूनी सहायता सम्बन्धी नीति, २०७६ स्वीकृत भएको छ। सो नीतिले मुख्य गरी नेपालको संविधानमार्फत नेपालले अङ्गिकार गरेको संघीय राज्यव्यस्थामा कानूनी सहायता उपलब्ध गराउनको लागि सङ्घ, प्रदेश र स्थानीय तहको समन्वयात्मक र प्रभावकारी भूमिकाको पहिचान गर्न, तत्सम्बन्धमा स्पष्ट व्यवस्था गर्न तथा नेपाल सरकार, न्यायपालिका, नेपाल बार एशोसिएशन र अन्य सरकारी तथा गैर सरकारी निकायबाट प्रदान गरिंदै आएको कानूनी सहायताको गुणस्तर अभिवृद्धि गर्न र यसको दायरा विस्तार गर्ने गरी सेवा प्रवाहमा प्रभावकारिता ल्याउन कानूनी सहायताका लाभग्राहीको पहिचानका लागि स्पष्ट नीतिगत व्यवस्था गरेको छ।

(ङ) अन्य कुनै कारणः

हाल एकीकृत कानूनी सहायता ऐन, २०५४ र सो को नियमावली बमोजिम वार्षिक ४० हजार भन्दा कम आय भएका असमर्थ पक्षलाई जिल्ला कानूनी सहायता कार्यालयमा रहने अधिवक्ता र अदालतहरुबाट वैतनिक कानुन व्यवसायी, ज्येष्ठ नागरिक सम्बन्धी ऐन, २०६३, घरेलु हिंसा (कसूर र सजाय) ऐन, २०६६, अपाङ्गता भएका व्यक्तिको अधिकार सम्बन्धी ऐन, २०७४ मा व्यवस्था भए बमोजिम ज्येष्ठ नागरिक, घरेलु हिंसा पीडित तथा अपाङ्गता भएका व्यक्तिलाई कानूनी सहायता उपलब्ध हुने व्यवस्था गरेको छ। त्यसैगरी राष्ट्रिय महिला आयोग, महिला, बालबालिका

तथा ज्येष्ठ नागरिक मन्त्रालय, अन्य सरकारी निकाय, नेपाल बार एशोसिएशन र अन्य गैरसरकारी संस्थाले समेत निःशुल्क कानूनी सहायता प्रदान गर्दै आएको छ। यसरी विभिन्न निकायबाट प्रदान गरिने कानूनी सहायताको दायरामा दुर्गम क्षेत्रका नागरिकको पहुँच स्थापित हुन सकेको छैन। कानूनी सेवा, कानूनी सहायता सेवा तथा कार्यक्रम सुगम तथा शहरी क्षेत्रमा मात्रै केन्द्रीत हुँदा दुर्गम क्षेत्र ओझेलमा परेको अवस्था विद्यमान छ।

नेपाल सरकारको वार्षिक नीति तथा कार्यक्रम, आवधिक योजना, सर्वोच्च अदालतको रणनीतिक योजना, सरकारी वकील एवं बार एशोसिएशनको घोषणापत्र तथा नेपाल सरकारको क्षेत्रगत नीतिले निःशुल्क कानूनी सहायतालाई न्यायमा पहुँचको महत्वपूर्ण साधनको रुपमा अङ्गिकार गरेको सन्दर्भमा न्यायमा पहुँच समेतका माध्यमबाट शान्तिपूर्ण तथा समावेशी समाज निर्माण गर्ने लगायतका विभिन्न १७ वटा लक्ष्यहरुसहितको संयुक्त राष्ट्र संघका सबै सदस्य राष्ट्रहरुले अङ्गीकार गरेको दिगो विकासका लक्ष्यहरु (The Sustainable Goals) हासिल गर्न सहायक सिद्ध हुने अपेक्षा गर्न सकिन्छ।.

२. <u>नयाँ ऐन बनाई कार्यान्वयन भए पश्चात हासिल गरिने उपलब्धि</u> :

एकीकृत कानूनी सहायता सम्बन्धी ऐन बनेपश्चात देहायका उपलब्धिहरु हासिल हुने अपेक्षा गरिएको छ :-

(क) छरिएर रहेका स्रोतहरुको एकद्वार प्रणालीबाट अधिकतम उपयोग हुने,

(ख) हाल कानूनी सहायताको दायरा प्रतिनिधित्व र कानूनी लिखित तयारीमा मात्र केन्द्रित रहेकोमा अब परामर्श सेवा तथा वकालत समेत हुने गरी दायरा फराकिलो हुने,

(ग) हाल कानूनी सहायता प्राप्त गर्ने सीमा तथा प्रक्रियागत जटिलता रहेकोमा आर्थिक आधार मात्र नभई असमर्थ पक्षको दायरा फराकिलो हुने तथा प्रक्रियागत सरलता हुने,

(घ) कानूनी सहायताको गुणस्तर अभिवृद्धि हुने,

(ङ) न्यायमा असमर्थ पक्षको पहुँच बढ्ने,

(च) प्रतिवेदन प्रणाली व्यवस्थित हुने,

(छ) कानूनी सहायता उपलब्ध गराउनका लागि नेपालको सङ्घीय राज्यव्यस्था अनुरुप तीनवटै तहबीच आवश्यक समन्वय भई प्रभावकारी भूमिका निर्धारण हुने।

(ज) कानुनी साहयताको प्रभावकारी कार्यान्वयन भए नभएको उचित मूल्याङ्कन हुने।

३. **प्रस्तावित विषयमा मौजुदा कानून भए** :

कानूनी सहायता सम्बन्धमा हाल कानूनी सहायता सम्बन्धी ऐन,२०५४ तथा कानूनी सहायता सम्बन्धी नियमावली,२०५५ रहेका छन्। कानूनी सहायता प्रदान गर्ने सम्बन्धमा सो ऐनमा केन्द्रीय तथा जिल्लास्तरका संरचनामात्र रहेको छन्। उक्त ऐनको व्यवस्था नेपालको संघीय शासन प्रणाली बमोजिम रहेको देखिँदैन।

४. **मौजुदा कानून संशोधन गरी सो उपलब्धि हासिल हुन नसक्ने भए सोको कारण** :

विद्यमान कानूनी सहायता सम्बन्धी ऐन, २०५४ तथा कानूनी सहायता सम्बन्धी नियमावली, २०५५ ले मुख्यतः असमर्थ व्यक्तिलाई उपलब्ध गराइने आर्थिक सहायतामा मात्रै जोड दिएको छ फलस्वरुप सेवा लाभग्राहीको संख्या समेत न्यून रहेको छ। त्यसरी कानूनी सहायता उपलब्ध गराउने प्रयोजनका लागि मात्रै केन्द्रीय कानूनी सहायता समिति र जिल्ला कानूनी सहायता समितिको संस्थागत व्यवस्था गरेकोले नेपालको संविधानमार्फत नेपालले अङ्गिकार गरेको संघीय राज्यव्यस्थामा कानूनी सहायता उपलब्ध गराउनको लागि सङ्घ, प्रदेश र स्थानीय तहको समन्वयात्मक र प्रभावकारी भूमिकाको पहिचान गर्न तथा तत् सम्बन्धमा स्पष्ट व्यवस्था गर्न नेपाल सरकार, न्यायपालिका, नेपाल बार एशोसिएशन तथा अन्य निकायबाट प्रदान गरिदै आएको कानूनी सहायतालाई एकीकृतरुपमा लैजानु पर्ने आवश्यक भएको छ। मौजुदा ऐन लागु भए पछि हालसम्मको अवधि करिब २५ वर्षको अबधिमा  न्याय, कानून र विधिशास्त्रका क्षेत्रमा भएका नविनतम अवधारणा र सिद्धान्त समेत सम्बोधन गर्ने गरी आवश्यक कानूनी तथा संस्थागत व्यवस्था गर्न उक्त ऐनलाई संशोधन गर्नु भन्दा नयाँ ऐन बनाउन उपयुक्त हुने देखिन्छ।

५. **प्रस्तावित विषयमा सरकारले कुनै विशेष नीति स्वीकृत गरेको भए उक्त नीति कुन विधि (Method) बाट तर्जुमा भएको होः**

नेपाल सरकार, मन्त्रिपरिषद्बाट मिति २०७६।०९।१४ मा एकीकृत कानूनी सहायता सम्बन्धी नीति, २०७६ लागु भएको छ। नेपाल सरकारले बनाएको एकीकृत कानूनी सहायता सम्बन्धी नीति, २०७६ तार्किक र बढोत्तरी दुबै पद्धतीको मिश्रित पद्धतिबाट तर्जुमा भएको हो। वि.सं.२०१५ साल बाट नै सर्वोच्च अदालतमार्फत नेपालमा कानूनी सहायताको अवधारणा विकसित भएको, नेपालको संविधानमा मौलिक हकको रुपमा उल्लेख भएको तथा कानूनी सहायता सम्बन्धी ऐन विद्यमान रहेको कारणले कानूनी सहायताको विषय नेपालको सन्दर्भमा नौलो होइन र तिनै विषयलाई अझ व्यवस्थित बनाउन गरिएको प्रयत्न एकातिर बढोत्तरी विधि मान्न सकिन्छ भने अर्कोतिर विगतका अभ्यास तथा व्यवस्थामा वर्तमान परिस्थितिको माग अनुरुप पनि परिमार्जन गर्न खोजिएकोले तार्किक विधि समेत अवलम्बन गरिएको हुनाले दुबै विधिको समिश्रण भएको कारणबाट कानूनी सहायता सम्बन्धी नीति मिश्रित विधिबाट तर्जुमा गरिएको छ।

६. **नीति निर्माणमा संलग्न प्रमुख पदाधिकारीः**

प्रस्तुत विषयको विधेयक मस्यौदाको तयारीमा मूलरुपमा कानून, न्याय तथा संसदीय मामिला मन्त्रालयका सचिव तथा सम्बन्धित महाशाखा तथा शाखा प्रमुखहरुको संलग्नता रहनेछ। मस्यौदा तयारीको क्रममा विषय विज्ञ तथा सम्बद्ध पदाधिकारीसँग आवश्यक परामर्श र छलफल गरिनेछ।

७. **प्रस्तुत विषयमा अन्य मुलुकमा कुनै कानून बनेको वा कुनै अन्तराष्ट्रिय संस्थाले नमूना कानून बनाएको भए त्यस्तो मुलुक र कानूनको नामः**

भारतमा त्यहाँको संविधानको धारा ३९ए मा आर्थिक अभाव तथा अन्य कमजोरीको कारण न्यायबाट विमुख हुन नदिई राज्यले सबैलाई न्यायमा समान अवसर र पहुँचको लागि कानून

बमोजिम निशुल्क कानूनी सहायता उपलब्ध गराउने राज्यको नीति तथा निर्देशक सिद्धान्तको रुपमा उल्लेख गरेको पाइन्छ। भारतमा अदालत, न्यायाधिकरण अथवा कुनै निकायमा कानूनी सेवा तथा अदालती कारबाहीका क्रममा रकम खर्च गर्न नसक्ने विपन्न तथा समाजिक बञ्चितिकरणमा परेका व्यक्तिलाई देवानी तथा फौजदारी दुबै विषयमा निशुल्क कानूनी सहायता प्रदान गरिन्छ। Legal Services Authorities Act, 1987 बमोजिम सर्वोच्च अदालतको न्यायाधीश कार्यकारी अध्यक्ष रहने National Legal Services Authority (NALSA) निःशुल्क कानूनी सहायता सेवा सम्बन्धी विषयको नियमन तथा सञ्चालन एवं व्यवस्थापन गर्दछ।[4] त्यसका साथै संघीयता बमोजिमको विभिन्न तहमा संस्थागत संरचना तयार गरी कानुनी साहयता प्रदान गर्ने व्यवस्था रहेको छ।

त्यसैगरी बेलायतमा The Legal Aid and Advice Act 1949 एवं Legal Services Act 2007 रहेका छन्। बेलायतमा कानून मन्त्रालय नै कानूनी सहायता सम्बन्धी केन्द्रीय निकाय (Central Authority) को रुपमा काम गर्दछ। बेलायतमा खासगरी आर्थिक अवस्था कमजोर भई गम्भीर समस्यामा परेका व्यक्तिले जस्तै घरेलु हिंसा पीडित, थुनामा परेका लगायतका व्यक्तिले कानूनी सहायता प्राप्त गर्न सक्दछन्।[5] सन् १९९९ मा जारी भएको Access to Justice Act बमोजिम Legal Service Commission को स्थापना भएकोमा सोको उत्तराधिकारी संस्थाको रुपमा २०१३ को अप्रिल देखि Legal Aid Agency को स्थापना गरिएकोछ। यसको काम कारबाहीको लागि Lord Chancellor/Justice Secretary संसद प्रति जवाफदेही हुन्छन्। Legal Aid Agency ले बेलायतको न्याय मन्त्रालयसँग नजिकमा रहेर काम गर्दछ। Legal Aid Agency ले बेलायतमा कानूनी सहायतालाई देवानी तथा फौजदारी रुपमा विभाजन गरी कुनै व्यक्ति कानुनी सहायता प्राप्त गर्न उपयुक्त व्यक्ति हो वा होइन परिक्षण गरी उपयुक्त भएमा निजलाई कानूनी सहायता उपलब्ध गराउँछ। कानूनी सहायतामा परामर्श तथा अदालतमा प्रतिनिधित्व समेत समेटिएको र परामर्श सेवा सञ्चार तथा सूचना प्रविधिको क्षेत्रमा विकास भएका नविनतम प्रविधिको माध्यमबाट समेत उपलब्ध गराउने गरिएकोछ। यसरी कानूनी सहायता उपलब्ध गराउँदा खर्च Legal Aid Agency ले प्राप्त विलको आधारमा भुक्तानी गर्दछ।

सिंगापुरमा कानूनी सहायतको सम्बन्धमा Legal Aid and Advice Act, 1995 प्रचलनमा रहेको छ। संस्थागत संरचनाको रुपमा कानून मन्त्रालय अर्न्तगत Legal Aid Bureau को स्थापना गरिएको छ। कानूनी सहायता प्रदान गर्नु पूर्व व्यक्तिको Means and Method Test गरी सोको आधारमा उपयुक्त देखिएको व्यक्तिलाई कानूनी सहायता उपलब्ध गराइन्छ। निश्चित शर्त पूरा गरेका गैर सरकारी संस्थाबाट समेत कानूनी सहायता उपलब्ध गराउने गरिन्छ।

---

[4] Legal Services, Nalsa.gov.in (2021), https://nalsa.gov.in/services/legal-aid/legal-services (last visited Feb 19, 2021).
[5] Legal aid, GOV.UK (2021), https://www.gov.uk/legal-aid (last visited Feb 19, 2021).

संयुक्त राज्य अमेरिकामा Legal Services Corporation Act,1974 रहेको छ र यसको सम्बन्धित मन्त्रालय US Department of Justice हो। अमेरिकामा कम आय भएका नागरिकलाई कानूनी सहायता प्रदान गर्ने गरिन्छ। अमेरिकामा खासगरी देहायका तीन मुख्य स्रोतबाट कानूनी सहायता सम्बन्धी सेवा प्रदान गरिन्छः

संघमा Legal Service Corporation , राज्यमा Legal Services Corporation तथा निजी क्षेत्रमा Interest on Lawyer Trust Accounts (IOLTA) ले कानूनी सहायताका लागि स्रोत प्रदान गर्दछन्।[6]

यसैगरी जर्मनीमा कानूनी सहायताको लागि कर्जा प्रणाली अपनाइएको छ। कानूनी सहायता प्राप्त गर्न उपयुक्त देखिएको व्यक्तिलाई ऋणको रुपमा सहायता उपलब्ध गराइन्छ। कानूनी सहायता प्राप्त गरेको व्यक्तिको आर्थिक अवस्था सवल भएपछि त्यस्तो ऋणको रकम किस्ताबन्दी रुपमा चुक्ता गर्नु पर्ने व्यवस्था छ।

यसैगरी श्रीलङ्कामा कानुनी सहयताका सम्बन्धमा Legal Aid Act 1978 रहेको छ। श्रीलङ्कामा Legal Aid Commission कानूनी साहयता प्रदान गर्ने केन्द्रीय निकायको रुपमा रहेको छ। उक्त निकायको नेतृत्व त्यस देशको कानून मन्त्रालयले गर्ने गरेको छ।

कानूनी सहायता सम्बन्धी नमूना कानून समेत रहेको देखिन्छ। लागू औषध तथा अपराध सम्बन्धी संयुक्त राष्ट्र संघीय कार्यालय (UN Office on Drugs and Crime) ले सन् २०१७ मा फौजदारी न्याय प्रणालीमा कानूनी सहायता सम्बन्धी नमूना कानून (Model Law on Legal Aid in Criminal Justice Systems) बनाएको छ। खासगरी फौजदारी विषयमा कानूनी सहायता प्राप्त गर्ने सम्बन्धी विषयमा राष्ट्रहरुले कानून बनाउँदा संयुक्त राष्ट्र संघको उक्त नमूना कानून सहयोगी हुने देखिन्छ।

८. **प्रस्तावित विषयमा कुनै निकायबाट अध्ययन तथा अनुसन्धान भई कानून निर्माण सम्बन्धमा कुनै सुझाब दिएको भए त्यसको संक्षिप्त व्यहोराः**

कानूनी सहायता सम्बन्धी नीति तथा यस सम्बन्धी एकीकृत कानून निर्माण सम्बन्धमा विभिन्न निकायबाट अध्ययन एवं अनुसन्धान गरिएका छन्। खासगरी कानून, न्याय तथा संसदीय मामिला मन्त्रालयले विभिन्न सरोकारवाला निकायको सहभागितामा राष्ट्रिय कानूनी सहायता नीतिको तर्जुमाका लागि समिति गठन गरी सो समितिको अध्ययन प्रतिवेदनका आधारमा नेपाल सरकार, मन्त्रिपरिषद्बाट मिति २०७६।०९।१४ मा एकीकृत कानूनी सहायता सम्बन्धी नीति,२०७६ स्वीकृत भएको छ। उक्त नीतिको बुँदा नं. १२ मा नीतिको कार्यान्वयनका लागि मौजुदा ऐन तथा नियमावलीमा आवश्यक परिमार्जन तथा अन्य कानूनी पूर्वाधार तयार गरिने विषय समेत रहेको छ।

९. **प्रस्तावित कानून कार्यान्वयन गर्न आर्थिक व्ययभार पर्ने भएमा अनुमानित वार्षिक व्ययभार :**

---

[6] Legal Aid in the United States | Global Disability RightsNow!, Globaldisabilityrightsnow.org (2021), https://www.globaldisabilityrightsnow.org/tools/usa-vietnam/legal-aid-united-states (last visited Feb 19, 2021).

हालको कानूनी सहायता सम्बन्धी ऐन, २०५४ अन्तर्गतको जिल्ला कानूनी सहायता समितिको कार्यालयबाट प्रदान हुँदै आइरहेको सेवा, अदालतबाट प्रदान हुँदै आएको वैतानिक कानूनी व्यवसायी सेवा, विद्यमान संरचना तथा तिनका कार्यालय तथा बैठक सञ्चालन समेतमा खर्च भइरहेकोमा प्रस्तावित विधेयकमा हालको विद्यमान सेवा, दायरा, संरचना विस्तार हुने हुँदा प्रस्तावित ऐन कार्यान्वयनमा देहाय बमोजिमको अनुमानित वार्षिक व्ययभार पर्ने देखिन्छः

| **सेवा/खर्चको विवरण** | **खर्चको किसिम** | **हालको खर्च** | **विधेयक अनुरुपको खर्च** | **को जम्मा खर्च** |
|---|---|---|---|---|
| जिल्ला कानूनी सहायता समितिको कार्यालयमार्फत | कर्मचारीको खर्च | १३*३४७३०*६५) =२,९३,४६,८५० (नासु स्तरको तलब ६५ जिल्लामा) | १३*४३,६८९*७७) (अधिकृतस्तरको तलब ७७ जिल्लामा) | ४,३७,२,६८९ |
| | कार्यालय संचालन | १२*३०००*६५ = २३,४०,००० | १२*१०,०००*७७ | ९२,४०,००० |
| | कार्यालय सहयोगी तलब | | १३*२४,७०२*७७ | २४,७२६,७०२ |
| वैतनिक कानून व्यवसायी | उपसचिवस्तरको तलब | १३*४८७३७*२= १२६७१६२ | १३*४८७३७*२= १२६७१६२ | ५,६३,५८,९९१ |
| | शाखा अधिकृतस्तरको तलब | १३*४३,६८९*९७ =५,५०,९१,८२९ (७७ जिल्ला अदालत +१८ उच्च इजलास+ २ जना सर्वोच्चमा रहेका) | १३*४३,६८९*९७ =५,५०,९१,८२९ | |
| राष्ट्रिय कानूनी सहायता परिषद् | बैठक | | २०*२५००*१५ (वर्षमा १५ पटक २० जनाको बैठक)=७५०००० | ७,५०,००० |
| कार्यकारी समिति | बैठक | | १५*२०००*१५ (वर्षमा १५ पटक १५ जनाको बैठक)=४५०,००० | ४५०,००० |

| | | | | |
|---|---|---|---|---|
| परिषद् र कार्यकारी समितिको सचिवालय | सचिवालय खर्च | | | १५,००,००० |
| | | कूल- ८,८०,४५,८४१ | | कूल १३,६७,५८,३८२ |

*(नोटः उल्लखित व्ययभार रकममा जेष्ठ नागरिक सम्बन्धी ऐन, २०६३, घरेलु हिंसा (कसूर र सजाय) ऐन, २०६६ तथा अपाङ्गता भएका व्यक्तिको अधिकार सम्बन्धी ऐन, २०७४ अन्तर्गत जेष्ठ नागरिक, घरेलु हिंसा पीडित तथा अपाङ्गता भएका व्यक्तिलाई प्रदान गरिदै आएको कानूनी सहायताको व्ययभार, नेपाल बार एशोसिएशन तथा गैरसरकारी संस्थाबाट प्रदान गरिएको कानूनी सहायताको व्ययभार समावेश छैन।)*

हाल कानूनी सहायता समिति तथा वैतनिक कानून व्यवसायीलाई कूल रुपैयाँ १०,४४,५१,२०३ खर्च भइरहेको छ। विधेयक अनुरुप कूल १३,६७,५८,३८२ रुपैयाँ खर्च हुने देखिदा हालको खर्चमा थप ४,८७,१२,५४१ व्ययभार बढ्ने देखिन्छ।

त्यसैगरी हाल जिल्ला कानूनी  सहायता अधिकारीको कार्यलय कतिपय जिल्लामा जिल्ला बार इकाई, जिल्ला अदालत तथा सरकारी वकिलको भवनमा रहेका छन। वैतनिक कानून व्यवसायीले सम्बन्धित अदालतबाट आफ्नो सेवा प्रदान गरीरहेको हुँदा हाल कार्यालयको भाडा वा भवन भाडाको खर्च माथिको तालिकमा समावेश छैन। छुट्टै भवनमा कार्यालय सञ्चालन गरी सेवा प्रदान गर्ने गरी व्यवस्था गर्ने हो भने माथिको खर्चमा कार्यालयको भाडा समेत जोड्नुपर्ने हुन्छ।

१०. **प्रस्तावित कानून कार्यन्वयन गर्न थप संरचना आवश्यक पर्ने वा नपर्नेः**

विद्यमान कानूनी सहायता सम्बन्धी ऐन, २०५४ बमोजिम केन्द्रीय कानूनी सहायता समिति र जिल्ला कानूनी सहायता समितिको मात्रै व्यवस्था छ। मुलुकको वर्तमान संघीय प्रणालीलाई सम्बोधन गर्ने गरी तयार गरिएको हुनाले प्रस्तावित विधेयक अनुसार देहायका संरचना आवश्यक पर्ने देखिन्छः

क. राष्ट्रिय कानूनी सहायता परिषद् *(कानूनी सहायताको लागि सर्वोच्च निकायको रुपमा रहने)*

ख. कार्यकारी समिति *(राष्ट्रिय कानूनी सहायता परिषद्को नीतिगत निर्णय र निर्देशनमा रही नियमित काम गर्नको लागि)*

ग. प्रदेश कानूनी सहायता समिति *(एकीकृत रुपमा कानूनी सहायता उपलब्ध गराउनको लागि प्रत्येक प्रदेशमा सम्बन्धित प्रदेश सरकारले गठन गरे बमोजिम रहने)*

घ. जिल्ला कानूनी सहायता समिति *(प्रत्येक जिल्लामा रहने)*

ङ. राष्ट्रिय कानूनी सहायता परिषद् र कार्यकारी समितिको सचिवालय

११. **प्रस्तावित कानून निर्माण गर्न कुनै निकायको परामर्श, सहमति लिनु पर्नेमा सो परामर्श वा सहमति प्राप्त भए वा नभएको :**

एकीकृत कानूनी सहायता सम्बन्धी विधेयक तयार भएपछि आर्थिक विषयमा अर्थ मन्त्रालयको, अन्य सम्बन्धित विषयमा सम्बन्धित मन्त्रालय र निकायको राय परामर्श लिइनेछ। त्यसैगरी कानूनी सहायताको क्षेत्र अदालत तथा सरोकारवाला निकाय महान्यायाधिवक्ताको कार्यालय समेत भएको हुनाले सर्वोच्च अदालत तथा महान्यायाधिवक्ताको कार्यालयको राय समेत विधेयक तर्जुमाको क्रममा लिइनेछ।

१२. **प्रस्तावित कानूनमा समावेश गर्न खोजिएका मुख्य विषयहरुः**

(क) कानूनी सहायता प्राप्त गर्ने व्यक्तिको योग्यता (eligibility criteria) निर्धारण सम्बन्धी व्यवस्था,

(ख) राष्ट्रिय कानूनी सहायता परिषद् तथा कार्यकारी समिति सम्बन्धी व्यवस्था,

(ग) कार्यकारी समिति र जिल्ला समितिको गठन, काम, कर्तव्य र अधिकार,

(घ) प्रदेश तथा जिल्ला कानूनी सहायता समिति सम्बन्धी व्यवस्था,

(ङ) असमर्थ पक्षले कानून व्यवसायीसँग परामर्श गर्ने सम्बन्धी व्यवस्था,

(च) कानूनी सहायता उपलब्ध गराउन कानूनी सहायता कोष र सोको संचालन सम्बन्धी व्यवस्था,

(छ) स्थानीय तहले कानूनी सहायता उपलब्ध गराउन सक्ने व्यवस्था,

(ज) स्वेच्छिक निःशुल्क कानूनी सेवा सम्बन्धी व्यवस्था,

(झ) अनुगमन, मूल्याङ्कन तथा वार्षिक प्रतिवेदन पेश गर्नुपर्ने व्यवस्था,

(ञ) केन्द्रीय कानूनी सहायता समिति र जिल्ला कानूनी सहायता समितिमा कार्यरत कर्मचारी सम्बन्धी व्यवस्था,

(ट) अन्य विविध व्यवस्था।

## उद्देश्य र कारण

नेपालको संविधानको मौलिक हक अन्तर्गत धारा २० मा रहेको न्याय सम्बन्धी हक तथा संवत् २०७६ सालमा जारी भएको एकीकृत कानूनी सहायता नीति, २०७६ लाई कार्यान्वयन गर्न यो विधेयक तयार गरिएको छ।

प्रस्तुत विधेयकले निःशुल्क कानूनी सहायता प्राप्त गर्न सक्ने असमर्थ पक्षको दायरालाई फराकिलो बनाउनुका साथै त्यस्तो सेवालाई सबै अदालत, न्यायिक तथा अर्धन्यायिक निकायमा विस्तार गरेको छ। असमर्थ पक्षलाई निःशुल्क कानूनी परामर्श वा सल्लाह लिन पाउने देखि मुद्दाको कारबाही, सुनुवाइ तथा फैसला कार्यान्वयनको अवस्थामा समेत कानून सहायता अधिकार प्राप्त हुने व्यवस्था मिलाइएको छ। फौजदारी मुद्दामा पक्राउ परी आफैं कानून व्यवसायी राख्न नसक्ने व्यक्तिको हकमा पक्राउ परेको समयदेखि नै निःशुल्क कानूनी सहायता प्राप्त गर्ने अधिकार हुने कुराको समेत सुनिश्चितता गरिएको छ।त्यसै गरी सुनाई, स्वर वा बोलाई सम्बन्धी अपाङ्गता भएका व्यक्तिलाई निःशुल्क कानूनी सहायता उपलब्ध गराउँदा साङ्केतिक भाषासमेत प्रयोग गर्नु पर्ने र असमर्थ पक्षलाई आवश्यकताअनुसार मनोसामाजिक परामर्श सेवा दिनु पर्ने व्यवस्था विधेयकमा समावेश गरिएको छ।

असमर्थ पक्षलाई उपलब्ध गराइने कानूनी सहायता सङ्घ, प्रदेश र स्थानीय तह गरी तीनवटै तहबाट समन्वयात्मक ढङ्गबाट सञ्चालन गरिने, कानूनी सहयता प्रदान गर्ने निकायले एकीकृत ढङ्गबाट त्यस्तो सेवा उपलब्ध गराउनु पर्ने, निःशुल्क कानूनी सहायतालाई प्रभावकारी बनाउन र एकीकृत रूपमा सञ्चालन गर्न मन्त्रालयले निःशुल्क कानूनी सहायता सम्बन्धी विद्युतीय प्रणालीको विकास गरी लागु गर्ने, निःशुल्क कानूनी सहायताको गुणस्तर सुधार गर्नको लागि विषयगत विज्ञबाट कानूनी सहायता सेवा उपलब्ध गराउने विषय समेत विधेयकमा रहेका छन्।

त्यसै गरी विधेयकमा राष्ट्रिय कानूनी सहायता परिषद्, कार्यकारी समिति, प्रदेश तथा जिल्ला कानूनी सहायता समितिको संरचनागत व्यवस्था प्रस्ताव गरिएको छ। कानून व्यवसायीलाई स्वेच्छिक निःशुल्क कानूनी सहायता (प्रो वोनो) उपलब्ध गराउन उत्प्रेरित गर्ने विषय एवम् निःशुल्क कानूनी सहायता उपलब्ध गराउन चाहने गैरसरकारी सङ्घ संस्थाले सम्बन्धित जिल्ला समितिमा सूचीकृत भई कानूनी सहायता उपलब्ध गराइने विषय समेत समावेश गरिएको छ। अतः मौजुदा ऐनको संशोधन मात्रले यी विषयहरू सम्बोधन नहुने भएकोले निःशुल्क कानूनी सहायता सम्बन्धमा नयाँ ऐन निर्माण गर्न आवश्यक भएकोले यो विधेयक पेस गरेको छु।

२०८३ असोज १

सोविता गौतम
मन्त्री
कानून, न्याय तथा संसदीय मामिला

## आर्थिक टिप्पणी

निःशुल्क कानूनी सहायता सम्बन्धी कानूनलाई संशोधन र एकीकरण गर्न बनेको विधेयकमा असमर्थ पक्षलाई निःशुल्क रूपमा कानूनी सहायता उपलब्ध गराउने, कानूनी सहायता उपलब्ध गराउनको लागि निःशुल्क कानूनी सहायता अधिकृतको नियुक्ति गरी पारिश्रमिक उपलब्ध गराइने, असमर्थ पक्षलाई निःशुल्क मनोसामाजिक परामर्श सेवा उपलब्ध गराउने, विषयगत विज्ञबाट सेवा उपलब्ध गराउने, कानूनी सचेतना कार्यक्रम तथा निःशुल्क कानूनी सहायता घुम्ती शिविर सञ्चालन गर्ने, सुनाई, स्वर र बोलाई सम्बन्धी अपाङ्गता भएका व्यक्तिलाई कानूनी सहायता उपलब्ध गराउँदा साङ्केतिक भाषा समेत प्रयोग गर्नु पर्ने व्यवस्थाहरू प्रस्ताव गरिएको छ। त्यसै गरी निःशुल्क कानूनी सहायता उपलब्ध गराउनको लागि निःशुल्क कानूनी सहायता कोष रहने तथा असमर्थ पक्षलाई उपलब्ध गराइने निःशुल्क कानूनी सहायतालाई प्रभावकारी बनाउन विद्युतीय प्रणालीको विकास गरी लागु गर्ने लगायतका व्यवस्थाहरू प्रस्ताव गरिएका छन्। उल्लिखित व्यवस्थाहरूको कार्यान्वयनबाट नेपाल सरकारलाई थप आर्थिक व्ययभार पर्ने हुन्छ। यो विधेयकको व्यवस्था कार्यान्वयनको लागि आवश्यक पर्ने आर्थिक स्रोतको व्यवस्थापन नेपाल सरकारको विनियोजित बजेटबाट गरिनेछ।

**निःशुल्क कानूनी सहायता सम्बन्धी कानूनलाई संशोधन र एकीकरण गर्न बनेको विधेयकमा रहेको प्रत्यायोजित व्यवस्थापन सम्बन्धी टिप्पणी**

| क्र. सं | विधेयकको दफा | प्रत्यायोजित व्यवस्थापनको कारण | प्रत्यायोजित व्यवस्थापन अन्तर्गत बनाईने कानूनको प्रकृति र सीमा | प्रत्यायोजित व्यवस्थापनबाट पर्ने प्रभाव |
|---|---|---|---|---|
| १. | दफा ५ को उपदफा (१) | निःशुल्क कानूनी सहायता प्राप्त गर्नको लागि पेस गर्नुपर्ने निवेदनको ढाँचा निर्धारण गर्नुपर्ने भएकोले। | निःशुल्क कानूनी सहायता प्राप्त गर्नको लागि पेस गर्नुपर्ने निवेदनको ढाँचा नेपाल सरकारले बनाउने नियमावलीमा तोकिने। | निःशुल्क कानूनी सहायताको लागि दिने निवेदनको ढाँचा प्रष्ट हुने। |
| २. | दफा १० को उपदफा (८) | असमर्थ पक्षलाई मनोसामाजिक परामर्श उपलब्ध गराउनु पर्ने अवस्था, मनोसामाजिक परामर्श सेवाको सञ्चालनको स्तर, त्यस्तो सेवा उपलब्ध गराउने व्यक्तिको योग्यता तथा सो सम्बन्धी अन्य व्यवस्था निर्धारण गर्नुपर्ने भएकोले। | असमर्थ पक्षलाई मनोसामाजिक परामर्श सेवा उपलब्ध गराउने सम्बन्धी व्यवस्था नेपाल सरकारले बनाउने नियमावलीमा तोकिने। | मनोसामाजिक परामर्श सेवाको सञ्चालनको स्तर, त्यस्तो सेवा उपलब्ध गराउने व्यक्तिको योग्यता तथा सो सम्बन्धी अन्य व्यवस्था निर्धारण हुने। |
| ३. | दफा ११ को उपदफा (४) | विषयगत विज्ञबाट सेवा उपलब्ध गराउनुपर्ने अवस्था भएमा ती विज्ञलाई प्रदान गर्नुपर्ने सेवा शुल्क कार्यकारी समितिले निर्धारण गर्नुपर्ने भएकोले। | कार्यकारी समितिले विषयगत विज्ञलाई प्रदान गरिने सेवा शुल्क निर्धारण गर्ने। | विषयगत विज्ञबाट कानूनी सहायता उपलब्ध गराएबापत् तिर्नुपर्ने सेवा शुल्क कार्यकारी समितिबाट निर्धारण हुने। |
| ४. | दफा ११ को उपदफा (५) | विषयगत विज्ञबाट सेवा उपलब्ध गराउने, विषयगत विज्ञ कानून व्यवसायीको सूची तयार गर्ने तथा सूचीबाट हटाउने सम्बन्धी अन्य व्यवस्था निर्धारण गर्नुपर्ने भएकोले। | नेपाल सरकारले विषयगत विज्ञ कानून व्यवसायीको सूची तयार गर्ने तथा सूचीबाट हटाउने सम्बन्धी व्यवस्था नियमावली व्यवस्था गरिने। | विषयगत विज्ञ कानून व्यवसायीको सूची तयार गर्ने तथा सूचीबाट हटाउने सम्बन्धी व्यवस्था निर्धारण हुने। |
| ५. | दफा १४ को | राष्ट्रिय कानूनी सहायता परिषद्को बैठक सञ्चालन | राष्ट्रिय कानूनी सहायता परिषद्ले बैठक | राष्ट्रिय कानूनी सहायता परिषद्को बैठक |

| | | | | |
|---|---|---|---|---|
| | उपदफा (१०) | सम्बन्धी व्यवस्था परिषद्ले निर्धारण गर्नुपर्ने भएकोले। | सञ्चालन गर्ने सम्बन्धी व्यवस्था नियमावली व्यवस्था गरिने। | सम्बन्धमा स्पष्ट व्यवस्था हुने। |
| ६. | दफा १५ को खण्ड (ञ) | राष्ट्रिय कानूनी सहायता परिषद्को अन्य काम, कर्तव्य र अधिकार निर्धारण गर्नुपर्ने भएकोले। | नेपाल सरकारले बनाउने नियमावलीबाट परिषद्को अन्य काम, कर्तव्य र अधिकार निर्धारण हुने। | राष्ट्रिय कानूनी सहायता परिषद्को अन्य काम, कर्तव्य र अधिकारको सम्बन्धमा स्पष्ट व्यवस्था हुने। |
| ७. | दफा १७ को उपदफा (९) | कार्यकारी समितिको बैठक सञ्चालन सम्बन्धी व्यवस्था समितिले नै निर्धारण गर्नुपर्ने भएकोले। | कार्यकारी समितिको बैठक सञ्चालन सम्बन्धी व्यवस्था निर्धारण हुने। | कार्यकारी समितिको बैठक सम्बन्धमा स्पष्ट व्यवस्था हुने। |
| ८. | दफा १८ को खण्ड (ङ) | कार्यकारी समितिको अन्य काम, कर्तव्य र अधिकार निर्धारण गर्नुपर्ने भएकोले। | नेपाल सरकारले बनाउने नियमावलीमा कार्यकारी समितिको अन्य काम, कर्तव्य र अधिकार निर्धारण हुने। | कार्यकारी समितिको अन्य काम, कर्तव्य र अधिकारको सम्बन्धमा स्पष्ट व्यवस्था हुने। |
| ९. | दफा १९ को उपदफा (३) को खण्ड (ङ) | राष्ट्रिय कानूनी सहायता परिषद र कार्यकारी समितिको सचिवालयको अन्य कार्य परिषद् र समितिबाट निर्धारण गर्नुपर्ने भएकोले। | राष्ट्रिय कानूनी सहायता परिषद र कार्यकारी समितिले सचिवालयको कार्य निर्धारण गर्ने। | राष्ट्रिय कानूनी सहायता परिषद र कार्यकारी समितिको सचिवालयको सचिवालयले गर्नु पर्ने कामको स्पष्ट व्यवस्था हुने। |
| १०. | दफा २४ को उपदफा (९) | जिल्ला समितिको बैठक सञ्चालन सम्बन्धी व्यवस्था समितिले नै निर्धारण गर्नुपर्ने भएकोले। | जिल्ला समितिको बैठक सञ्चालन सम्बन्धी व्यवस्था निर्धारण हुने। | जिल्ला समितिको बैठक सम्बन्धमा स्पष्ट व्यवस्था हुने। |
| ११. | दफा २५ को उपदफा (१) को खण्ड (ज) | जिल्ला समितिको अन्य काम, कर्तव्य र अधिकार निर्धारण गर्नुपर्ने भएकोले। | नेपाल सरकारले नियमावली बनाई जिल्ला समितिको अन्य काम, कर्तव्य र अधिकार निर्धारण गर्ने। | जिल्ला समितिको अन्य काम, कर्तव्य र अधिकारको सम्बन्धमा स्पष्ट व्यवस्था हुने। |
| १२. | दफा २७ को उपदफा (५) | निःशुल्क कानूनी सहायता कोषबाट रकम उपलब्ध गराउने आधार, त्यस्तो रकमको हद तथा वितरण प्रक्रिया सम्बन्धी अन्य | नेपाल सरकारले नियमावली बनाई निःशुल्क कानूनी सहायता कोषबाट रकम उपलब्ध गराउने | निःशुल्क कानूनी सहायता कोषबाट रकम उपलब्ध गराउने आधार, त्यस्तो रकमको हद तथा वितरणको सम्बन्धमा |

| | | | | |
|---|---|---|---|---|
| | | कार्यविधि निर्धारण गर्नुपर्ने भएकोले। | आधार, त्यस्तो रकमको हद तथा वितरण प्रक्रिया निर्धारण गर्ने। | स्पष्ट व्यवस्था हुने। |
| १३. | दफा ३१ को उपदफा (८) | कानूनी सहायता अधिकृतको नियुक्ति, पारिश्रमिक, सेवाका शर्त तथा सुविधा सम्बन्धी व्यवस्था निर्धारण गर्नुपर्ने भएकोले। | नेपाल सरकारले नियमावली बनाई कानूनी सहायता अधिकृतको नियुक्ति, पारिश्रमिक, सेवाका शर्त तथा सुविधा निर्धारण गर्ने। | कानूनी सहायता अधिकृतको नियुक्ति, पारिश्रमिक, सेवाका शर्त तथा सुविधाको सम्बन्धमा स्पष्ट व्यवस्था हुने। |
| १४ | दफा ४३ को उपदफा (२) | कार्यकारी समितिले प्रत्येक आर्थिक वर्षमा निःशुल्क कानूनी सहायता अधिकृतलाई सम्बन्धित जिल्ला समितिको सिफारिसमा कानूनी सहायता पुरस्कार प्रदान गर्ने सम्बन्धी व्यवस्था निर्धारण गर्नुपर्ने भएकोले। | नेपाल सरकारले नियमावली बनाई निःशुल्क कानूनी सहायता अधिकृतलाई प्रदान गरिने पुरस्कार सम्बन्धी व्यवस्था निर्धारण गर्ने। | कानूनी सहायता पुरस्कारको सम्बन्धमा स्पष्ट व्यवस्था हुने। |
| १५. | दफा ४५ | ऐन कार्यान्वयन गर्न नेपाल सरकारले आवश्यक नियम बनाउन सक्ने व्यवस्था गर्नुपर्ने भएकोले । | ऐनको अधीनमा रही नेपाल सरकारले नियम बनाई लागू गर्ने। | ऐनको प्रभावकारी कार्यान्वयन हुने। |
| १६. | दफा ४६ को उपदफा (१) | मन्त्रालयले ऐन वा यस ऐनअन्तर्गत बनेको नियमको अधीनमा रही निर्देशिका तथा कार्यविधि बनाउन सक्ने व्यवस्था गर्नुपर्ने भएकोले। | ऐनको अधीनमा रही मन्त्रालयले निर्देशिका तथा कार्यविधि बनाई लागू गर्ने। | ऐनको प्रभावकारी कार्यान्वयनको लागि आवश्यक पर्ने प्रत्यायोजित विधायन जारी गर्ने अधिकार ऐनबाट नै प्रष्ट हुने। |
| १७. | दफा ४६ को उपदफा (२) | परिषद्ले ऐन वा यस ऐनअन्तर्गत बनेको नियमको अधीनमा रही मापदण्ड बनाउन सक्ने व्यवस्था गर्नुपर्ने भएकोले। | ऐनको अधीनमा रही परिषद्ले मापदण्ड बनाई लागू गर्ने। | परिषद्को काम कारबाहीलाई प्रभावकारी बनाउन सहज हुने। |

<u>निःशुल्क कानूनी सहायता सम्बन्धी कानूनलाई संशोधन गर्न बनेको विधेयकको व्याख्यात्मक टिप्पणी</u>

| क्र. सं | विधेयकको दफा | व्याख्यात्मक टिप्पणी |
|---|---|---|
| १. | २ | • यस दफामा विधेयकको विभिन्न दफामा पटक पटक प्रयोग भएका शब्दहरू परिभाषित गरिएको छ। |
| २. | ३ | • यस दफामा असमर्थ पक्षले निःशुल्क कानूनी परामर्श वा सल्लाह लिन पाउने, लिखतको मस्यौदा तयार गर्न सहयोग लिन पाउने, देवानी तथा फौजदारी गरी दुबै प्रकारका मुद्दाको कारबाही, सुनुवाइ, निरूपण तथा कार्यान्वयनको चरणमा निः शुल्क कानूनी सहायता प्राप्त हुने र फौजदारी मुद्दामा पक्राउ परी आफैं कानून व्यवसायी राख्न नसक्ने व्यक्तिको हकमा पक्राउ परेको समयदेखि नै निःशुल्क कानूनी सहायता प्राप्त गर्ने अधिकार हुने व्यवस्था समेत प्रस्ताव गरिएको छ। उक्त व्यवस्थाले असमर्थ पक्षको न्यायमा पहुँच कायम हुन गई नेपालको संविधानको धारा २० मा रहेको न्यायको हकको कार्यान्वयन गर्न मद्दत पुग्ने देखिन्छ। |
| ३. | ४ | • यस दफामा देवानी तथा फौजदारी मुद्दाको कारबाही, सुनुवाइ र फैसला वा निर्णय कार्यान्वयनको क्रममा आफैंले कानून व्यवसायी राख्न नसक्ने असमर्थ पक्षको दायरा स्पष्ट गरिएको छ। असमर्थ पक्षमा सामाजिक वा शैक्षिकरूपले पछाडि परेका महिला, दलित, आदिवासी जनजाति, मधेशी, थारू, अल्पसङ्ख्यक, सीमान्तकृत, मुस्लिम, पिछडावर्ग, लैङ्गिक तथा यौनिक अल्पसङ्ख्यक, विपन्न खस आर्य, श्रमिक, किसान, उत्पीडित वा पिछडिएको क्षेत्रका नागरिक, आर्थिक रूपले विपन्न नागरिक, घरेलु हिंसा वा लैङ्गिक हिंसाबाट पीडित व्यक्ति, शहिद तथा सशस्त्र द्वन्द्व पीडित, विभिन्न समयमा भएका जन आन्दोलन र जेन्जी आन्दोलनको क्रममा घाइते, अपाङ्ग वा अशक्त भएका व्यक्ति, लोकतन्त्रका योद्धा तथा विस्थापित नागरिक, अपाङ्ग भएका वा असहाय व्यक्ति, जातीय तथा अन्य सामाजिक छुवाछुत र भेदभाव सम्बन्धी कसूरबाट पीडित व्यक्ति, फौजदारी मुद्दामा पक्राउ परेको व्यक्तिले पक्राउ पर्दाका बखत कानून व्यावसायी राख्न असमर्थ रहेको भनी जानकारी गराएको व्यक्ति, कारागारमा रहेका थुनुवा वा कैदी बन्दी र निःशुल्क कानूनी सहायता उपलब्ध गराउन अदालतले आदेश दिएको मुद्दाको पक्षहरू रहेका छन्।उल्लिखित व्यवस्थाले असमर्थ पक्षको दायरा फारकिलो पारेको छ। |

| | | |
|---|---|---|
| ४. | ५ | • यस दफामा निःशुल्क कानूनी सहायता प्राप्त गर्नको लागि अपनाउनु पर्ने कार्यविधिगत व्यवस्था प्रस्ताव गरिएको छ। निःशुल्क कानूनी सहायता प्राप्त गर्न चाहने असमर्थ पक्षले सम्बन्धित स्थानीय तहमार्फत वा सोझै जिल्ला समितिको सचिवालयमा निवेदन दिनु पर्ने, स्थानीय तहमा निवेदन दिएमा स्थानीय तहले सम्बन्धित जिल्ला समितिको सचिवालयमा निवेदन दर्ता गराइदिनु पर्ने तथा कानूनी सहायता प्राप्त गर्नको लागि दिइने निवेदनको दर्ता विद्युतीय माध्यमबाट गर्ने सक्ने लगायतका विषयहरू समावेश गरिएका छन्। |
| ५. | ६ | • दफा ६ को उपदफा (१) मा असमर्थ पक्षलाई कानूनी सहायता उपलब्ध गराउने निर्णय गर्ने विषय रहेको छ। यस दफामा कानूनी सहायताको लागि प्राप्त निवेदनको जाँचबुझ गर्दा निवेदनसाथ संलग्न गर्नुपर्ने कागजात तथा विवरण संलग्न भएको पाइएमा सोही निवेदनमा निःशुल्क कानूनी सहायता उपलब्ध गराउने निर्णय तत्काल गर्ने व्यवस्था गरिएको छ।<br>• उपदफा (२) र ३ मा निवेदनसाथ संलग्न गर्नुपर्ने कागजात तथा विवरण पेस नगरेमा निश्चित अवधि भित्र पेस गर्न लगाउनुपर्ने र त्यस्तो अवधिभित्र विवरण पेस नगरेमा कानूनी सहायता प्रदान गर्नु नपर्ने व्यवस्था गरेको छ।<br>• उपदफा (४) मा निवेदकको हदम्याद वा म्याद गुज्रने अवस्था भएमा निःशुल्क कानूनी सहायता अधिकृतले त्यस्तो हदम्याद वा म्यादभित्रै तत्काल लिखत तयार गरी मुद्दा दर्ता गर्नु वा अन्य निःशुल्क कानूनी सहायता उपलब्ध गराउनु पर्ने व्यवस्था गरिएको छ।<br>• उपदफा (५) र (६) मा निःशुल्क कानूनी सहायता प्राप्त गर्न नसक्ने व्यक्तिले झुट्टा बेहोरा गरी निःशुल्क कानूनी सहायता प्राप्त गर्न नहुने र झुट्टा बेहोरा वा विवरण पेस गरी निःशुल्क कानूनी सहायता लिइरहेको भए त्यस्तो सहायता तुरून्त रोक्नु पर्ने व्यवस्था गरिएको छ। |
| ६. | ७ | • यस दफामा असमर्थ पक्षले अदालतमा मुद्दा दायर गर्दा अदालती शुल्क तत्काल बुझाउन नसकेमा त्यसको कारण जनाई अदालतमा निवेदन दिन सक्ने र निवेदनलाई अदालतले जाँचबुझ गर्दा विश्वास गर्नुपर्ने मनासिब आधार भएमा मुद्दा हेर्ने अधिकारीले कारण सहितको पर्चा खडा गरी अदालती शुल्क पूर्ण वा आंशिक रूपमा छुट दिनेगरी वा अदालती शुल्क पछि लिनेगरी मुद्दा दर्ता तथा कारबाही गर्ने आदेश दिन सक्ने र अदालती शुल्क पछि लिने गरी आदेश भएमा सम्बन्धित कर्मचारीले बाँकी अदालती शुल्कको अभिलेख मिसिलसाथ संलग्न गर्नुपर्ने व्यवस्था गरिएको छ।<br>• उल्लिखित व्यवस्थाले असमर्थ पक्षलाई आर्थिक अभावका कारण |

| | | |
|---|---|---|
| | | न्यायमा पहुँच कायम हुन नसक्ने परिस्थित उत्पन्न हुनबाट संरक्षण गर्ने तथा अदालतमा मुद्दा दायर गर्दा लाग्ने शुल्क तत्काल तिर्न नसक्ने पक्षलाई शुल्क छुट वा पछि तिर्ने सुविधा दिने अधिकार अदालतलाई प्रदान गरेको छ। निःशुल्क कानूनी सहायता पाउने व्यक्तिको पक्षमा खटिने कानून व्यवसायी वा कर्मचारीलाई मुद्दासँग सम्बन्धित कागजातको नक्कल दिँदा कुनै पनि दस्तुर नलाग्ने व्यवस्था गरी न्यायमा पहुँच कायम गर्ने विषयलाई सहज बनाइएको छ। |
| ७. | ८ | • यस दफामा सङ्घ, प्रदेश र स्थानीय तहले स्थानीय न्यायिक समितिको समन्वयमा कानून व्यवसायी, विश्वविद्यालयमा कानूनी विषय अध्ययन गर्ने विद्यार्थी, नेपाल सरकार वा प्रदेश सरकारका सम्बन्धित मन्त्रालय वा कार्यालयका कर्मचारी तथा स्थानीय तहका सामाजिक परिचालन वा स्वयंसेवकलाई कानूनी सचेतना कार्यक्रम सञ्चालन गर्न सक्ने व्यवस्था प्रस्ताव गरिएको छ। उल्लिखित व्यवस्थाले "कानुनको अज्ञानता क्षम्य हुँदैन" भन्ने सिद्धान्तलाई व्यवहारमा लागू गर्नको लागि नागरिकहरूलाई कानूनको आधारभूत जानकारी गराउन मद्दत पुग्ने देखिन्छ। |
| ८. | ९ | • यस दफामा कार्यकारी समिति, प्रदेश समिति वा जिल्ला समितिले न्यायिक समिति, जिल्ला सरकारी वकिल कार्यालय तथा जिल्लास्थित नेपाल बार इकाईको समन्वयमा असमर्थ पक्षलाई निःशुल्क कानूनी सहायता उपलब्ध गराउन घुम्ती शिविर सञ्चालन गर्ने व्यवस्था गरिएको छ। |
| ९. | १० | • यस दफामा जिल्ला समितिले आवश्यकताअनुसार सरकारी कार्यालय, निकाय वा मनोसामाजिक परामर्श सेवा उपलब्ध गराउने संस्था वा व्यक्तिबाट असमर्थ पक्षलाई मनोसामाजिक परामर्श उपलब्ध गराउने व्यवस्था गरिएको छ। त्यसै गरी मनोसामाजिक परामर्श सेवा जिल्ला समितिसँग समन्वय गरी स्थानीय तहले समेत उपलब्ध गराउन सक्ने व्यवस्था गरिएको छ। |
| १०. | ११ | • यस दफामा निःशुल्क कानूनी सहायता उपलब्ध गराइने कुनै मुद्दामा रहेको विषयवस्तु तथा कानूनी जटिलताको कारणबाट सम्बन्धित विषयको विज्ञ कानून व्यवसायीबाट लिखत तयारी तथा अदालतमा बहस पैरवी गराउनुपर्ने भएमा जिल्ला समितिले सो विषयका विज्ञ कानून व्यवसायीबाट त्यस्तो निःशुल्क कानूनी सहायता उपलब्ध गराउन सक्ने, लैङ्गिक हिंसा वा घरेलु हिंसा पीडित महिलालाई उपलब्ध भएसम्म विषयगत विज्ञ महिला कानून व्यवसायीबाट सेवा उपलब्ध गराउनु पर्ने लगायतका व्यवस्था गरिएको छ। |

| | | |
|---|---|---|
| ११. | १२ | • यस दफामा अपाङ्गता भएका व्यक्तिको न्यायमा पहुँचको अवस्थालाई प्रभावकारी बनाउन सुनाई, स्वर वा बोलाई सम्बन्धी अपाङ्गता भएका व्यक्तिलाई निःशुल्क कानूनी सहायता उपलब्ध गराउँदा साङ्केतिक भाषासमेत प्रयोग गर्नु पर्ने व्यवस्था गरिएको छ। |
| १२. | १३ | • निःशुल्क कानूनी सहायतालाई सहज तथा प्रभावकारी रूपमा उपलब्ध गराउनको लागि नीतिगत मार्गदर्शन गर्न संरचनागत व्यवस्था स्थापना गर्न आवश्यक भएकोले कानून, न्याय तथा संसदीय मामिला मन्त्री अध्यक्ष, महान्यायाधिवक्ता, सर्वोच्च अदालतको मुख्य रजिष्ट्रार, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय सचिव, अर्थ मन्त्रालयको सचिव, नेपाल प्रहरीको महानिरिक्षक, सातवटै प्रदेशका मुख्य न्यायाधिवक्ता, नेपाल बार एशोसिएशनको अध्यक्ष, नेपाल नगरपालिका सङ्घको अध्यक्ष, राष्ट्रिय गाउँपालिका महासङ्घको अध्यक्ष, कानूनी शिक्षा अध्यापन गराउने विश्वविद्यालयमध्येबाट परिषद्ले मनोनयन गरेको कानून सङ्कायको डीन, निःशुल्क कानूनी सहायता प्रदान गर्ने संस्थामध्येबाट परिषद्ले मनोनयन गरेको कम्तीमा एकजना महिला सहित दुई जना सदस्य र कानून, न्याय तथा संसदीय मामिला मन्त्रालयका सचिव सदस्य-सचिव रहने गरी राष्ट्रिय कानूनी सहायता परिषद् गठन गरिने लगायतका व्यवस्था गरिएको छ। |
| १३. | १४ | • यस दफामा परिषद्को बैठक सम्बन्धी व्यवस्था गरी परिषद्को बैठक अध्यक्षले तोकेको मिति समय र स्थानमा बस्ने, सदस्य सचिवले बैठक बस्नुभन्दा अघि बैठकमा छलफल हुने विषयको सूची सहितको सूचना सबै सदस्यलाई पठाउनु पर्ने, परिषद्मा तत्काल कायम रहेका सदस्य सङ्ख्याको पचास प्रतिशत भन्दा बढी सदस्य उपस्थित भएमा परिषद्को बैठकको लागि गणपूरक सङ्ख्या पुगेको मानिने, परिषद्को बैठकमा बहुमतको निर्णय मान्य हुने, मत बराबर भएमा बैठकको अध्यक्षता गर्ने व्यक्तिले निर्णायक मत दिने र परिषद्को बैठक विद्युतीय माध्यमबाट समेत सञ्चालन गर्ने व्यवस्था गरेको छ। |
| १४. | १५ | • यस दफामा राष्ट्रिय कानूनी सहायता परिषद्को काम, कर्तव्य र अधिकारका सम्बन्धमा व्यवस्था गरिएको छ। जस अन्तर्गत निःशुल्क कानूनी सहायतालाई प्रभावकारी बनाउनको लागि अवलम्बन गर्नुपर्ने नीतिगत व्यवस्थाको लागि नेपाल सरकारलाई सुझाव दिने, निःशुल्क कानूनी सहायता सम्बन्धी एकीकृत कार्यक्रम तथा कार्ययोजना स्वीकृत गर्ने, कार्यकारी समिति, प्रदेश समिति तथा जिल्ला समितिको काम कारबाहीको रेखदेख गर्ने तथा त्यस्ता समितिलाई आवश्यकताअनुसार निर्देशन दिने, निःशुल्क कानूनी सहायता सम्बन्धी कार्यको लागि आर्थिक स्रोतको व्यवस्थापन गर्ने तथा बजेट स्वीकृत गर्ने, निःशुल्क कानूनी |

| | | |
|---|---|---|
| | | सहायता सञ्चालन सम्बन्धी गुणस्तर तथा मापदण्ड निर्धारण गर्ने, विभिन्न सङ्घ संस्थाबाट उपलब्ध गराइने निःशुल्क कानूनी सहायतालाई व्यवस्थित गर्न आवश्यक मापदण्ड निर्धारण गर्ने तथा त्यस्ता सङ्घ संस्थाले पालना गर्नुपर्ने शर्त निर्धारण गर्ने, निःशुल्क कानूनी सहायताको अनुगमन तथा मूल्याङ्कन गर्ने, गराउने, निःशुल्क कानूनी सहायता अधिकृत तथा निःशुल्क कानूनी सहायता प्रदान गर्ने सेवा प्रदायकको लागि आचार संहिता निर्धारण गर्ने लगायतका कामहरू रहेका छन। |
| १५. | १६ | • यस दफामा कार्यकारी समितिको गठन सम्बन्धी व्यवस्था रहेको छ। कार्यकारी समिति कानून, न्याय तथा संसदीय मामिला मन्त्रालयको सचिवको संयोजकत्वमा सर्वोच्च अदालतको रजिष्ट्रार, महान्यायाधिवक्ताको कार्यालयको नायब महान्यायाधिवक्ता, महिला अयोगको सचिव, नेपाल बार एशोसिएशनको महासचिव सदस्य र मन्त्रालयको कानूनी सहायता सम्बन्धी विषय हेर्ने महाशाखा प्रमुख सदस्य-सचिव रहने गरी गरिएको छ। |
| १६. | १७ | • यस दफामा कार्यकारीको समितिको बैठक सम्बन्धी व्यवस्था गरी बैठक बस्ने मिति, समय र स्थान, बैठकमा पेस हुने कार्यसूची, बैठकको लागि आवश्यक हुने गणपुरण सङ्ख्या, बैठकको निर्णय प्रक्रिया तथा बैठकमा विज्ञ आमन्त्रण गर्न सक्ने व्यवस्था गरिएको छ। |
| १७. | १८ | • यस दफामा कार्यकारी समितिको काम, कर्तव्य र अधिकारका सम्बन्धमा व्यवस्था गरिएको छ। राष्ट्रिय कानूनी सहायता परिषद्को वार्षिक कार्यक्रम तथा बजेट तयार गरी स्वीकृतिको लागि परिषद्मा पेस गर्ने, निःशुल्क कानूनी सहायता उपलब्ध गराउने कानून व्यवसायीको मापदण्ड तयार गरी स्वीकृतिको लागि परिषद्समक्ष पेस गर्ने, निःशुल्क कानूनी सहायताको लागि आवश्यक पर्ने रकम जिल्ला समितिलाई उपलब्ध गराउने, निःशुल्क कानूनी सहायता सम्बन्धी एकीकृत कार्यक्रम तथा कार्ययोजना निर्धारण गर्ने, निःशुल्क कानूनी सहायता सम्बन्धी कामको लागि आवश्यकताअनुसार विभिन्न कार्यदल गठन गर्ने तथा त्यस्ता कार्यदलको काम, कर्तव्य र अधिकार तोक्ने, निःशुल्क कानूनी सहायता प्रदान गर्ने सङ्घ संस्थालाई सूचीकृत गरी सोको अभिलेख राख्ने, जिल्ला समितिको काम कारबाहीको अनुगमन तथा मूल्याङ्कन गर्ने, सर्वसाधारणलाई कानून र निःशुल्क कानूनी सहायता सम्बन्धमा जानकारी गराउन परिचयात्मक पुस्तक पुस्तिका प्रकाशन तथा वितरण गर्ने र सो कामको लागि अनुसन्धान गर्ने वा गराउने लगायतका विषयहरू कार्यकारी समितिले गर्ने गरी प्रस्ताव गरिएको छ। |
| १८. | १९ | • यस दफामा परिषद् र कार्यकारी समितिको सचिवालय मन्त्रालयमा |

| | | |
|---|---|---|
| | | रहने र सचिवालयले परिषद्बाट भएका निर्णय कार्यान्वयन भए नभएको अनुगमन गर्ने, परिषद्सँग सम्बन्धित प्रशासनिक कार्य गर्ने, निःशुल्क कानूनी सहायता सम्बन्धमा प्राप्त गुनासो सुनुवाइको लागि कार्यकारी समिति समक्ष पेस गर्ने काम गर्ने व्यवस्था गरिएको छ। |
| १९. | २० | • यस दफामा प्रदेश सरकारले असमर्थ पक्षलाई आफ्नो प्रदेशमा निःशुल्क कानूनी सहायता उपलब्ध गराउन सक्ने र त्यस्तो सहायता उपलब्ध गराउँदा नेपाल सरकारबाट उपलब्ध गराइने निःशुल्क कानूनी सहायतासँग दोहोरो नहुने गरी उपलब्ध गराउनु पर्ने व्यवस्था छ। त्यसै गरी यस दफामा प्रदेश सरकारबाट नियुक्त हुने निःशुल्क कानूनी सहायता अधिकृतको छनौट, सिफारिस, नियुक्ति तथा निजको सेवाको शर्त सम्बन्धी व्यवस्था प्रदेश कानूनबमोजिम हुने लगायतका व्यवस्था गरिएको छ। |
| २०. | २१ | • यस दफामा प्रदेश सरकारले प्रदेश कानूनबमोजिम प्रदेश कानूनी सहायता समिति गठन गर्न सक्ने, त्यस्तो समितिले प्रदेश भित्रका असमर्थ पक्षलाई निःशुल्क कानूनी सहायता उपलब्ध गराउने, प्रदेश भित्रका जिल्लाका जिल्ला कानूनी सहायता समितिसँग समन्वय गर्ने तथा त्यस्तो समितिको काम कारबाहीको अनुगमन तथा मूल्याङ्कन गर्ने व्यवस्था गरिएको छ। |
| २१. | २२ | • यस दफामा प्रदेश सरकारले आफ्नो प्रादेशिक क्षेत्रभित्रका जिल्ला समितिलाई कार्यालय भवन भाडाको लागि लाग्ने खर्च, निःशुल्क कानूनी सहायता अधिकृतलाई सहयोग गर्ने सहयोगी वा सहायकस्तरको कर्मचारी राखिएको अवस्थामा त्यस्तो कर्मचारीको पारिश्रमिक तथा सुविधा, कार्यालयको विद्युत, पानी र सञ्चार खर्च, कानूनका पुस्तक, कम्प्युटर तथा प्रिन्टर लगायतका सामग्री, कार्यालय सञ्चालनका लागि आवश्यक स्टेशनरी तथा मसलन्द खर्च लगायतका अन्य आवश्यक सहयोग उपलब्ध गराउन सक्ने व्यवस्था गरिएको छ। |
| २२. | २३ | • असमर्थ पक्षलाई निःशुल्क कानूनी सहायता उपलब्ध गराउन प्रत्येक जिल्लामा जिल्ला कानूनी सहायता समिति रहने व्यवस्था गरिएको छ। सो समितिमा जिल्ला न्यायाधीश अध्यक्ष रहने र जिल्ला न्यायाधिवक्ता, जिल्ला सदरमुकाम रहेको स्थानीय तहको न्यायिक समितिको संयोजक, जिल्ला बार एशोसिएशनको अध्यक्ष, जिल्ला प्रहरी कार्यालयको प्रमुख वा निजले तोकेको सो कार्यालयको महिला अधिकृत, प्रमुख जिल्ला अधिकारीले तोकेको जिल्ला प्रशासन कार्यालयको कम्तीमा अधिकृतस्तरको प्रतिनिधि, जिल्लाभित्रका स्थानीय तहका महिला तथा बालबालिका सम्बन्धी शाखा प्रमुखहरू मध्येबाट जिल्ला समितिले |

| | | |
|---|---|---|
| | | मनोनीत गरेको एक जना कर्मचारी, जिल्लाका कानून व्यवसायी मध्येबाट जिल्ला बार एकाइबाट मनोनीत एक जना, जिल्लाका निःशुल्क कानूनी सहायता प्रदायक गैरसरकारी संस्थाको प्रतिनिधित्व हुने गरी जिल्ला समितिबाट मनोनीत एकजना सदस्य रहने तथा जिल्ला अदालतको श्रेस्तेदार समितिको सदस्य-सचिव रहने गरी प्रस्ताव गरिएको छ। |
| २३. | २४ | • यस दफामा जिल्ला समितिको बैठक बस्ने मिति, समय र स्थान, बैठकमा पेस हुने कार्यसूची, बैठकको लागि आवश्यक हुने गणपुरण सङ्ख्या, बैठकको निर्णय प्रक्रिया तथा बैठकमा विज्ञ आमन्त्रण गर्न सक्ने व्यवस्था प्रस्ताव गरिएको छ। |
| २४. | २५ | • यस दफामा जिल्ला समितिको काम, कर्तव्य अधिकारको सम्बन्धमा व्यवस्था गरिएको छ। जिल्ला समितिले अदालत तथा अन्य निकायमा असमर्थ पक्षको तर्फबाट निःशुल्क कानूनी सहायता प्रदान गर्न सम्बन्धित बार एकाइसँग समन्वय गरी विषयगत विज्ञ कानून व्यवसायी तथा स्वेच्छिक निःशुल्क कानूनी सहायता (प्रो वोनो) उपलब्ध गराउने कानून व्यवसायीको सूची तयार गर्ने, परिषद्द्वारा निर्धारित नीतिको अधीनमा रही निःशुल्क कानूनी सहायता उपलब्ध गराउने विज्ञ कानून व्यवसायीको पारिश्रमिक निर्धारण गर्ने, निःशुल्क कानूनी सहायता उपलब्ध गराउन जिल्ला समितिले तोकेको कानून व्यवसायीले हेलचेक्र्याइँ वा लापरबाही गरी पक्षको उचित प्रतिनिधित्व हुन नसकेमा त्यस्तो कानून व्यवसायीलाई प्रचलित कानूनबमोजिम कारबाही गर्न कार्यकारी समितिसमक्ष सिफारिस गर्ने, निःशुल्क कानूनी सहायता अधिकृतको काम तथा जिम्मेवारीको बाँडफाँड गर्ने, निःशुल्क कानूनी सहायता अधिकृतको क्षमता अभिवृद्धि सम्बन्धी कार्यक्रम सञ्चालन गर्ने, जिल्ला समितिको आय तथा व्ययको लेखा परीक्षण समयमै गराई सोको प्रतिवेदन परिषद्मा पेस गर्नको लागि कार्यकारी समितिमा पठाउने लगायताका काम जिल्ला समितिले गर्ने गरी व्यवस्था प्रस्ताव गरिएको छ।<br>• जिल्ला समितिले जिल्लामा स्वेच्छिक निःशुल्क कानूनी सहायता (प्रो वोनो) प्रदान गर्ने कानून व्यवसायी र निःशुल्क कानूनी सहायता उपलब्ध गराउने गैरसरकारी संस्थासँग समन्वय गरी निःशुल्क कानूनी सहायता उपलब्ध गराउने व्यवस्था गर्नु पर्ने, जिल्ला समितिले कुनै असमर्थ पक्षलाई निःशुल्क कानूनी सहायता उपलब्ध गराउनको लागि स्वेच्छिक निःशुल्क कानूनी सहायता (प्रो वोनो) प्रदान गर्ने कानून व्यवसायी वा निःशुल्क कानूनी सहायता उपलब्ध गराउने गैरसरकारी संस्थासमक्ष सिफारिस गरी पठाउन सक्ने तथा कानून व्यवसायी वा गैरसरकारी संस्थाले पनि कुनै असमर्थ पक्षलाई निःशुल्क कानूनी सहायता उपलब्ध गराउनको लागि जिल्ला समितिमा सिफारिस गरी पठाउन सक्ने व्यवस्था |

| | | |
|---|---|---|
| | | प्रस्ताव गरिएको छ।<br>• जिल्ला समितिले असमर्थ पक्षलाई निःशुल्क कानूनी सहायता उपलब्ध गराउन सो समितिमा रहेका मुद्दाको सङ्ख्या, निःशुल्क कानूनी सहायता अधिकृतको उपलब्धता, मुद्दाको प्रकृति समेत विचार गरी वैतनिक कानून व्यवसायीलाई निःशुल्क कानूनी सहायता अधिकृतले गर्ने कार्यसमेत गर्नेगरी तोक्न सक्ने व्यवस्था प्रस्ताव गरिएको छ।<br>• त्यसैगरी जिल्ला समितिले स्वेच्छिक निःशुल्क कानूनी सहायता (प्रो वोनो) प्रदान गर्ने कानून व्यवसायी, निःशुल्क कानूनी सहायता उपलब्ध गराउने गैरसरकारी संस्था तथा वैतानिक वकिलले प्रदान गरेको निःशुल्क कानूनी सहायताको विवरण मन्त्रालयले विकास गरेको विद्युतीय प्रणालीमा अद्यावधिक गर्नु पर्ने व्यवस्था प्रस्ताव गरिएको छ। |
| २५. | २६ | • यस दफामा प्रत्येक स्थानीय तहले आफ्नो स्थानीय तहमा निःशुल्क कानूनी सहायता उपलब्ध गराउने, निःशुल्क कानूनी सहायता प्राप्तिको लागि वा त्यस्तो सहायता प्राप्त गरी मुद्दा मामिला गर्दा स्थानीय तहबाट सदरमुकामसम्म जाँदा वा फर्कदाको खर्च व्यहोर्न नसक्ने असमर्थ पक्षलाई त्यसरी यात्रा गर्दाको यातायात खर्च, बास खर्च र खाना खर्च वापत लाग्ने खर्च रकमसमेत सहायता स्वरूप उपलब्ध गराउन सक्ने र आफ्नो क्षेत्रमा निःशुल्क कानूनी सहायता उपलब्ध गराउँदा जिल्ला समितिसँगको समन्वयमा त्यस्तो सहयोग मिलाउने व्यवस्था प्रस्ताव गरिएको छ। |
| २६. | २७ | • यस दफामा निःशुल्क कानूनी सहायता उपलब्ध गराउनको लागि आवश्यक पर्ने स्रोत सुनिश्चित गर्नको लागि निःशुल्क कानूनी सहायता कोष स्थापना गर्ने र उक्त कोषमा नेपाल सरकारबाट प्राप्त रकम, कुनै स्वदेशी व्यक्ति, संस्था वा निकायले सहयोगको स्वरूप उपलब्ध गराएको रकम, कुनै विदेशी व्यक्ति, संस्था वा निकायले सहयोगको स्वरूप उपलब्ध गराएको रकम र अन्य कुनै स्रोतबाट प्राप्त रकम रहने व्यवस्था प्रस्ताव गरिएको छ। त्यसै गरी यस दफामा कोष सञ्चालन तथा कोषमा जम्मा भएको रकमको वितरण प्रक्रिया तथा जिल्ला समितिलाई उपलब्ध गराउने आधार लगायतका विषयहरू प्रस्ताव गरिएका छन्। |
| २७. | २८ | • यस दफामा निःशुल्क कानूनी सहायता उपलब्ध गराउने कार्यको लागि जिल्ला समितिको छुट्टै बैङ्क खाता रहने, उक्त खातामा नेपाल सरकार तथा प्रदेश सरकारबाट निःशुल्क कानूनी सहायताको लागि प्राप्त रकम रहने र जिल्ला समितिबाट निःशुल्क कानूनी सहायता उपलब्ध गराउँदा हुने सम्पूर्ण खर्च उक्त खाताबाट खर्च लेख्ने व्यवस्था प्रस्ताव गरिएको छ। |

| | | |
|---|---|---|
| २८. | २९ | • यस दफामा कार्यकारी समितिले निःशुल्क कानूनी सहायता अधिकृतको पारिश्रमिक र कार्यालय व्यवस्थापनको लागि आवश्यक बजेट सम्बन्धित जिल्ला समितिलाई उपलब्ध गराउनु पर्ने व्यवस्था प्रस्ताव गरिएको छ। |
| २९. | ३० | • यस दफामा निःशुल्क कानूनी सहायता कोषको आय व्ययको लेखा र जिल्ला समितिले आफ्नो आयव्ययको लेखा प्रचलित कानून बमोजिमको ढाँचामा राख्नु पर्ने तथा कोष र जिल्ला समितिको आय व्ययको लेखापरीक्षण महालेखा परीक्षकबाट हुने व्यवस्था गरिएको छ। |
| ३०. | ३१ | • यस दफामा निःशुल्क कानूनी सहायता अधिकृतको नियुक्ति, पुनःनियुक्ति तथा बर्खास्ती लगायतका विषयहरू रहेका छन। मान्यता प्राप्त विश्वविद्यालयबाट कानूनमा कम्तीमा स्नातक उपाधि हासिल गरी अधिवक्ताको प्रमाणपत्र प्राप्त गरेको र कम्तीमा दुई वर्ष कानून व्यवसाय गरेका कानून व्यवसायीहरू मध्येबाट नियमावलीमा तोकिए बमोजिमको प्रक्रिया पूरा गरी बढीमा दुई वर्षको लागि करार गरी निःशुल्क कानूनी सहायता अधिकृत नियुक्त गर्ने सक्ने तथा कानूनी सहायता अधिकृतको पारिश्रमिक, सेवाका शर्त तथा सुविधा सम्बन्धी अन्य व्यवस्था नियमावलीमा तोक्ने लगायतका व्यवस्था गरिएको छ। |
| ३१. | ३२ | • यस दफामा प्रचलित कानूनबमोजिम नियुक्त हुने वैतनिक कानून व्यवसायीले निःशुल्क कानूनी सहायता प्रदान गर्दा सम्बन्धित जिल्लाको निःशुल्क कानूनी सहायता अधिकृतसँग तथा सम्बन्धित जिल्लाको निःशुल्क कानूनी सहायता अधिकृतले वैतनिक कानून व्यवसायीसँग आवश्यक समन्वय गर्ने व्यवस्था प्रस्ताव गरिएको छ। |
| ३२. | ३३ | • यस दफामा कानूनी सहायतालाई एकीकृत र समन्वयात्मक ढङ्गबाट सञ्चालन गर्नको लागि प्रदेश कानूनी सहायता समिति, जिल्ला कानूनी सहायता समिति तथा सम्बन्धित अदालतले निःशुल्क कानूनी सहायता अधिकृत तथा वैतनिक कानून व्यवसायीले प्रदान गर्ने सेवालाई आपसमा समन्वय गरी एकीकृत रूपमा सेवा प्रदान गर्न सक्ने व्यवस्था प्रस्ताव गरिएको छ। |
| ३३. | ३४ | • यस दफामा निःशुल्क कानूनी सहायता उपलब्ध गराउन चाहने गैरसरकारी सङ्घ संस्थाले जिल्ला समितिमा सूचीकृत हुनुपर्ने, सूचीकृत भएका गैरसरकारी संस्थाको विवरण कार्यकारी समितिमा पेस गर्नुपर्ने, गैरसरकारी संस्थाले गरेको काम कारबाहीको विवरण मन्त्रालयले विकास गरेको विद्युतीय प्रणालीमा प्रविष्ट गर्नुपर्ने लगायतका व्यवस्था प्रस्ताव गरिएको छ। |

| | | |
|---|---|---|
| ३४. | ३५ | • यस दफामा जिल्ला समितिले स्वेच्छिक निःशुल्क कानूनी सहायता (प्रो वोनो) उपलब्ध गराउन इच्छुक कानून व्यवसायीको सूची बनाई सो को विवरण मन्त्रालयले विकास गरेको विद्युतीय प्रणालीमा अद्यावधिक गर्नु पर्ने, स्वेच्छिक निःशुल्क कानूनी सहायता (प्रो वोनो) प्रदान गर्ने कानून व्यवसायीले पुऱ्याएको योगदानको आधारमा परिषद्ले मापदण्ड बनाई सम्मान गर्न सक्ने व्यवस्था प्रस्ताव गरिएको छ। |
| ३५. | ३६ | • यस दफामा जिल्ला समितिले उपलब्ध गराएको निःशुल्क कानूनी सहायताको मासिक तथा वार्षिक विवरण नियमावलीमा तोकिए बमोजिमको ढाँचामा अद्यावधिक गरी राख्नु पर्ने, निःशुल्क कानूनी सहायता उपलब्ध गराउने गैर सरकारी सङ्घ संस्थाले आफूले जिल्लाभित्र उपलब्ध गराएको निःशुल्क कानूनी सहायताको तोकिए बमोजिमको मासिक विवरण प्रत्येक महिना सकिएको सात दिनभित्र सम्बन्धित जिल्ला समितिलाई दिनु पर्ने, स्वेच्छिक निःशुल्क कानूनी सहायता (प्रो वोनो) उपलब्ध गराउने कानून व्यवसायीले आफूले उपलब्ध गराएको सेवाको तोकिए बमोजिमको विवरण प्रत्येक तीन महिनामा जिल्ला समितिमा पेस गर्नु पर्ने र निःशुल्क कानूनी सहायताको एकीकृत विवरण तयार गरी जिल्ला समितिले प्रत्येक तीन महिनामा प्रदेश समिति र मन्त्रालयमा पठाउनु पर्ने व्यवस्था प्रस्ताव गरिएको छ। |
| ३६. | ३७ | • यस दफामा निःशुल्क कानूनी सहायता प्रदान गर्दा बालबालिकाको सर्वोत्तम हितलाई ध्यान दिनु पर्ने व्यवस्था प्रस्ताव गरिएको छ। |
| ३७. | ३८ | • यस दफामा परिषद्ले निःशुल्क कानूनी सहायता अधिकृत, सेवा प्रदायक कानून व्यवसायी तथा निःशुल्क कानूनी सहायता प्रदान गर्ने गैरसरकारी सङ्घ संस्थाको लागि आचारसंहिता बनाई लागू गर्ने व्यवस्था गर्ने प्रस्ताव गरिएको छ। |
| ३८. | ३९ | • यस दफामा मन्त्रालयले निःशुल्क कानूनी सहायता अधिकृत र जिल्ला समितिबाट भए गरेका काम कारबाहीको अनुगमन तथा मूल्याङ्कन गर्ने विषय र मन्त्रालय तथा जिल्ला समितिले प्रो-वोनो निःशुल्क कानूनी सहायता प्रदान गर्ने कानून व्यवसायी वा गैरसरकारी संस्थाबाट प्रदान गरिने निःशुल्क कानूनी सहायता सेवाको अनुगमन तथा मूल्याङ्कन गर्ने व्यवस्था प्रस्ताव गरिएको छ। |
| ३९. | ४० | • यस दफामा कसैले झुट्टा विवरण पेस गरी यस ऐनबमोजिम निःशुल्क कानूनी सहायता प्राप्त गरेको पुष्टि भएमा त्यस्तो व्यक्तिलाई निःशुल्क कानूनी सहायता उपलब्ध गराउँदा लागेको खर्च निजबाट जिल्ला समितिले सरकारी बाँकी सरह असुल गर्ने र झुट्टा विवरण पेस गर्ने व्यक्तिलाई प्रचलित कानूनबमोजिम कुनै कारबाही हुने रहेछ भने त्यस्तो |

| | | |
|---|---|---|
| | | कानून बमोजिमको कारबाही र सजायसमेत गर्ने व्यवस्था प्रस्ताव गरिएको छ। |
| ४०. | ४१ | • यस दफामा जिल्ला समितिले प्रत्येक आर्थिक वर्ष समाप्त भएको तीस दिनभित्र वार्षिक प्रतिवेदन तयार गरी प्रदेश समिति र कार्यकारी समितिमा पठाउनु पर्ने, प्रदेश समितिले प्रत्येक आर्थिक वर्ष समाप्त भएको मितिले तीस दिनभित्र वार्षिक प्रतिवेदन तयार गरी  कार्यकारी समितिमा पठाउनु पर्ने र कार्यकारी समितिले आर्थिक वर्ष समाप्त भएको मितिले नब्बे दिनभित्र वार्षिक प्रतिवेदन तयार गरी परिषद्मा पेस गर्ने र परिषद्ले उपयुक्त माध्यमबाट त्यस्तो प्रतिवेदन सार्वजनिक गर्नु पर्ने व्यवस्था प्रस्ताव गरिएको छ। |
| ४१. | ४२ | • यस दफामा मन्त्रालयले असमर्थ पक्षलाई उपलब्ध गराइने निःशुल्क कानूनी सहायतालाई प्रभावकारी बनाउनको विद्युतीय प्रणाली लागू गर्ने विषय उल्लेख गरिएको छ। त्यस्तो प्रणाली मार्फत असमर्थ पक्षको गुनासो सुनुवाइ गर्ने तथा निःशुल्क कानूनी सहायता उपलब्ध गराउने व्यक्ति तथा संस्थाको विवरण उपलब्ध गराउने, कानूनी सहायता आवश्यक भएका व्यक्तिले प्रणालीमा आवद्ध भई सेवाको माग गर्ने र सेवाप्रदायक समेत प्रणालीबाट नै खोज्न सक्ने लगायतका विषय प्रस्ताव गरिएको छ। त्यसै गरी प्रदेश तथा जिल्ला कानूनी सहायता समिति, कानूनी सहायता अधिकृत, वैतनिक कानून व्यवसायी, स्वेच्छिक निःशुल्क कानूनी सहायता (प्रो वोनो) उपलब्ध गराउने कानून व्यवसायी, न्यायिक समिति तथा कानूनी सहायता उपलब्ध गराउने निकायहरूले आफूले उपलब्ध गराएको कानूनी सहायताको विवरण सो प्रणालीमा प्रविष्टि गर्नु पर्ने व्यवस्था प्रस्ताव गरिएको छ। |
| ४२. | ४३ | • यस दफामा प्रत्येक आर्थिक वर्षमा उपलब्ध गराएको निःशुल्क कानूनी सहायतालाई आधार मानी कुनै दुईजना निःशुल्क कानूनी सहायता अधिकृतलाई सम्बन्धित जिल्ला समितिको सिफारिसमा कानूनी सहायता पुरस्कार प्रदान गर्न सकिने व्यवस्था प्रस्ताव गरिएको छ। |
| ४३. | ४४ | • यस दफामा नेपाल सरकार तथा प्रदेश सरकारबाट जिल्ला समिति तथा स्थानीय तहलाई असमर्थ पक्षलाई निःशुल्क कानूनी सहायता उपलब्ध गराउँदा एउटै कार्यको लागि दोहोरो पर्ने गरी सहयोग उपलब्ध नगराइने व्यवस्था प्रस्ताव गरिएको छ। |
| ४४. | ४५ | • यस दफामा ऐनले प्रत्यायोजन गरेका विषयहरूको कार्यान्वयन गर्नको लागि आवश्यक पर्ने विषयमा नियम बनाइने व्यवस्था गरिएको छ। |

| | | |
|---|---|---|
| ४५. | ४६ | • यस दफामा ऐन वा ऐन अन्तर्गत बनेको नियमको अधीनमा रही मन्त्रालयले निर्देशिका तथा कार्यविधि बनाउन सक्ने र परिषद्ले मापदण्ड बनाउन सक्ने व्यवस्था गरिएको छ। यो व्यवस्थाले निर्देशिका, कार्यविधि तथा मापदण्ड बनाउने अधिकार ऐनद्वारा नै प्रत्यायोजन हुन गई प्रत्यायोजित विधायनको विधायिकी नियन्त्रण सुनिश्चित हुने देखिन्छ। |
| ४६. | ४७ | • यस दफामा निःशुल्क कानूनी सहायता सम्बन्धी यो ऐन जारी भएसँगै मौजुदा कानूनी सहायता सम्बन्धी ऐन, २०५४ खारेज गर्न र उक्त ऐन बमोजिम भए गरेका काम कारबाहीलाई बचाउ गर्न प्रस्ताव गरिएको छ। |

# निःशुल्क कानूनी सहायता सम्बन्धी कानूनलाई संशोधन र एकीकरण गर्न बनेको विधेयक

**प्रस्तावना** : एकीकृत कानूनी सहायता प्रणालीको विकास र विस्तार गरी आर्थिक तथा सामाजिक कारणबाट आफ्नो हकहित संरक्षण गर्न नसक्ने असमर्थ पक्षलाई सहज रूपमा गुणस्तरीय कानूनी सहायतामार्फत् न्यायमा पहुँच हुने अवस्था सृजना गरी नेपालको संविधानले प्रत्याभूत गरेको निःशुल्क कानूनी सहायता पाउने हकको प्रभावकारी कार्यान्वयन गर्न कानूनी सहायता सम्बन्धी कानूनलाई संशोधन र एकीकरण गर्न वाञ्छनीय भएकोले,

सङ्घीय संसदले यो ऐन बनाएको छ।

## परिच्छेद-१
## प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भ** : (१) यस ऐनको नाम "निःशुल्क कानूनी सहायता सम्बन्धी ऐन, २०८३" रहेको छ।

(२) यो ऐन तुरून्त प्रारम्भ हुनेछ।

२. **परिभाषा** : विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा,-

(क) "अदालत" भन्नाले सर्वोच्च अदालत, उच्च अदालत वा जिल्ला अदालत सम्झनुपर्छ र सो शब्दले कुनै खास किसिमका मुद्दाको कारबाही, सुनुवाइ र किनारा गर्न अधिकारप्राप्त अन्य अदालत, न्यायिक वा अर्धन्यायिक निकाय, न्यायिक समिति वा अधिकारीलाई समेत जनाउँछ।

(ख) "असमर्थ पक्ष" भन्नाले देवानी तथा फौजदारी मुद्दाको कारबाही, सुनुवाइ र फैसला वा निर्णय कार्यान्वयनको क्रममा आफैंले कानून व्यवसायी राख्न असमर्थ दफा ४ बमोजिमका व्यक्ति वा पक्ष सम्झनुपर्छ।

(ग) "निःशुल्क कानूनी सहायता" भन्नाले दफा ३ बमोजिम असमर्थ पक्षलाई निःशुल्क रूपमा प्राप्त हुने कानूनी सहायता सम्झनुपर्छ।

(घ) "निःशुल्क कानूनी सहायता अधिकृत" भन्नाले दफा ३१ बमोजिमको निःशुल्क कानूनी सहायता अधिकृत सम्झनुपर्छ।

(ङ) "कार्यकारी समिति" भन्नाले दफा १६ बमोजिमको कार्यकारी समिति सम्झनुपर्छ।

(च) "कोष" भन्नाले दफा २७ बमोजिमको निःशुल्क कानूनी सहायता कोष सम्झनुपर्छ।

(छ) "जिल्ला समिति" भन्नाले दफा २३ बमोजिमको जिल्ला कानूनी सहायता समिति सम्झनुपर्छ।

(ज) "तोकिएको" वा "तोकिएबमोजिम" भन्नाले यस ऐनअन्तर्गत बनेको नियममा तोकिएको वा तोकिएबमोजिम सम्झनुपर्छ।

(झ) "प्रदेश समिति" भन्नाले दफा २१ बमोजिमको प्रदेश कानूनी सहायता समिति सम्झनुपर्छ।

(ञ) "परिषद्" भन्नाले दफा १३ बमोजिमको राष्ट्रिय कानूनी सहायता परिषद् सम्झनुपर्छ।

(ट) "मन्त्रालय" भन्नाले नेपाल सरकारको कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय सम्झनुपर्छ।

(ठ) "वैतनिक कानून व्यावसायी" भन्नाले असमर्थ पक्षलाई निःशुल्क कानूनी सहायता प्रदान गर्न अदालतबाट नियुक्त गरिएको कानून व्यावसायी सम्झनुपर्छ।

(ड) "स्वेच्छिक निःशुल्क कानूनी सहायता (प्रो वोनो)" भन्नाले कानून व्यवसायीले स्वेच्छिक रूपमा दिने कानूनी राय सल्लाह, अदालतमा गर्ने बहस पैरवी, कानूनी लिखतको तयारी, फैसला कार्यान्वयन तथा कानूनी कारबाहीका क्रममा दिने अन्य जुनसुकै सहायता सम्झनुपर्छ।

## परिच्छेद-२
## निःशुल्क कानूनी सहायता

३. **कानूनी सहायता प्राप्त हुने** : असमर्थ पक्षलाई निःशुल्क कानूनी परामर्श वा सल्लाह पाउने, लिखतको मस्यौदा तयार गर्न सहयोग लिन पाउने, देवानी तथा फौजदारी मुद्दाको कारबाही, सुनुवाइ, निरूपण तथा कार्यान्वयनको अवस्थामा र फौजदारी मुद्दामा पक्राउ परी आफैं कानून व्यवसायी राख्न नसक्ने व्यक्तिको हकमा पक्राउ परेको समयदेखि नै निःशुल्क कानूनी सहायता प्राप्त गर्ने अधिकार हुनेछ।

४. **निःशुल्क कानूनी सहायता उपलब्ध गराइने** : देहायका असमर्थ व्यक्तिलाई यस ऐनबमोजिम निःशुल्क कानूनी सहायता उपलब्ध गराइनेछ :-

(क) सामाजिक वा शैक्षिकरूपले पछाडि परेका महिला, दलित, आदिवासी जनजाति, मधेशी, थारू, अल्पसङ्ख्यक, सीमान्तकृत, मुस्लिम, पिछडावर्ग, लैङ्गिक तथा यौनिक अल्पसङ्ख्यक, विपन्न खस आर्य, श्रमिक, किसान, उत्पीडित वा पिछडिएको क्षेत्रका नागरिक,

(ख) आर्थिक रूपले विपन्न नागरिक,

(ग) घरेलु हिंसा वा लैङ्गिक हिंसाबाट पीडित व्यक्ति,

(घ) बालबालिका, जेष्ठ नागरिक, अपाङ्गता भएका वा असहाय व्यक्ति,

(ङ) शहिद तथा सशस्त्र द्वन्द्व पीडित, विभिन्न समयमा भएका जन आन्दोलन र जेन्जी आन्दोलनको क्रममा घाइते, अपाङ्ग वा अशक्त भएका व्यक्ति, लोकतन्त्रका योद्धा तथा विस्थापित नागरिक,

(च) जातीय तथा अन्य सामाजिक छुवाछुत र भेदभाव सम्बन्धी कसूरबाट पीडित व्यक्ति,

(छ) फौजदारी मुद्दामा पक्राउ परेको व्यक्तिले पक्राउ पर्दाका बखत कानून व्यावसायी राख्न असमर्थ रहेको भनी जानकारी गराएको व्यक्ति,

(ज) कारागारमा रहेका थुनुवा वा कैदी बन्दी, र

(झ) निःशुल्क कानूनी सहायता उपलब्ध गराउन अदालतले आदेश दिएको मुद्दाको पक्ष।

५. **निःशुल्क कानूनी सहायता प्राप्त गर्न निवेदन दिनुपर्ने** : (१) निःशुल्क कानूनी सहायता प्राप्त गर्न चाहने असमर्थ पक्षले सम्बन्धित स्थानीय तहमार्फत वा सोझै जिल्ला समितिको सचिवालयमा तोकिए बमोजिमको ढाँचामा निवेदन दिनु पर्नेछ।

(२) उपदफा (१) बमोजिम असमर्थ पक्षले सम्बन्धित स्थानीय तहमा निवेदन दिएकोमा त्यस्तो स्थानीय तहले सम्बन्धित जिल्ला समितिको सचिवालयमा निवेदन दर्ता गराइदिनु पर्नेछ।

(३) उपदफा (१) बमोजिम निवेदन दिँदा देहायका असमर्थ पक्षले देहाय बमोजिमका कागजात तथा विवरण समेत संलग्न गर्नु पर्नेछ :-

(क) दफा ४ को खण्ड (क) बमोजिमका नागरिकको हकमा आफू सामाजिक वा शैक्षिकरूपले पछाडि परेका कारण कानून व्यवसायी राख्न असमर्थ रहेको भन्ने व्यहोराको स्वःघोषणा पत्र र सो खण्डमा उल्लिखित वर्ग मध्ये कुन वर्गमा पर्ने हो सो वर्ग खुल्ने परिचयपत्र वा त्यस्तो परिचयपत्र नभएको अवस्थामा अधिकार प्राप्त निकाय वा सम्बन्धित स्थानीय तहले कुन वर्गमा पर्ने हो सो पहिचान खुलाई दिएको सिफारिसपत्र,

(ख) दफा ४ को खण्ड (ख) बमोजिमका नागरिकको हकमा आर्थिक रूपले विपन्न भनी सम्बन्धित स्थानीय तहले गरेको सिफारिसपत्र तथा वार्षिक आम्दानीको विवरण,

(ग) दफा ४ को खण्ड (ग) र (च) बमोजिमका व्यक्तिको हकमा कानून व्यवसायी राख्न असमर्थ रहेको भन्ने व्यहोराको स्वःघोषणा पत्र,

(घ) दफा ४ को खण्ड (घ) बमोजिमका बालबालिका वा जेष्ठ नागरिकको हकमा उमेर खुल्ने कागज प्रमाण वा तत्सम्बन्धी परिचयपत्र, अपाङ्गता भएका व्यक्तिको हकमा अपाङ्गता परिचयपत्रको प्रतिलिपि,

(क) दफा ४ को खण्ड (ङ) सशस्त्र द्वन्द्व पीडित, विभिन्न समयमा भएका जन आन्दोलन र जेन्जी आन्दोलनको क्रममा घाइते, अपाङ्ग वा अशक्त

भएका व्यक्ति, लोकतन्त्रका योद्धा तथा विस्थापित नागरिकको हकमा सोको परिचयपत्र वितरण भएकोमा त्यस्तो परिचयपत्र र त्यस्तो परिचयपत्र वितरण नभएकोमा अधिकार प्राप्त निकाय वा सम्बन्धित स्थानीय तहको सिफारिसपत्र,

(ङ) दफा ४ को खण्ड (छ) बमोजिमका व्यक्तिको हकमा कानून व्यवसायी राख्न असमर्थ रहेको भन्ने व्यहोराको स्वःघोषणा र सम्बन्धित अनुसन्धान अधिकारीको सिफारिसपत्र,

(च) दफा ४ को खण्ड (ज) बमोजिमका व्यक्तिको हकमा कानून व्यवसायी राख्न असमर्थ रहेको भन्ने व्यहोराको स्वःघोषणा पत्र र सम्बन्धित कारागारको सिफारिसपत्र, र

(छ) दफा ४ को खण्ड (झ) बमोजिमका व्यक्तिको हकमा अदालतको आदेशको प्रति।

(४) उपदफा (१) बमोजिम निवेदन दिन तथा स्व:घोषणापत्र तयार गर्न नसक्ने असमर्थ पक्षको लागि निःशुल्क कानूनी सहायता अधिकृतले त्यस्तो निवेदन तथा स्व:घोषणापत्र तयार गरी वेहोरा निजलाई सुनाई त्यस्तो पक्षको सहिछाप गराउनु पर्नेछ।

(५) यस दफाबमोजिम निःशुल्क कानूनी सहायताको लागि निवेदन दिने र त्यस्तो निवेदन दर्ता गर्ने सम्बन्धी कार्य दफा ४२ बमोजिमको विद्युतीय प्रणाली मार्फत समेत गर्न सकिनेछ।

६. <u>निःशुल्क कानूनी सहायता उपलब्ध गराउन निर्णय गर्ने</u> : (१) दफा ५ बमोजिम प्राप्त निवेदनमा निःशुल्क कानूनी सहायता अधिकृतले जाँचबुझ गर्दा निवेदनसाथ संलग्न गर्नुपर्ने कागजात तथा विवरण संलग्न भएको पाइएमा सोही निवेदनमा निःशुल्क कानूनी सहायता उपलब्ध गराउने गरी तुरुन्त निर्णय गर्नेछ।

(२) असमर्थ पक्षले निवेदन दिँदा सो निवेदनसाथ संलग्न गर्नुपर्ने कागजात तथा विवरण संलग्न नगरेको भएमा निःशुल्क कानूनी सहायता अधिकृतले मनासिब अवधि तोकी त्यस्तो कागजात तथा विवरण पेस गर्न लगाउनु पर्नेछ।

(३) उपदफा (२) बमोजिम दिइएको अवधिभित्र पेस गर्नुपर्ने कागजात वा विवरण पेस नगर्ने पक्षलाई निःशुल्क कानूनी सहायता अधिकृतले निःशुल्क कानूनी सहायता उपलब्ध गराउन इन्कार गर्न सक्नेछ।

(४) उपदफा (२) र (३) मा जुनसुकै कुरा लेखिएको भए तापनि निवेदकको हदम्याद वा म्याद गुज्रने अवस्था भएमा निःशुल्क कानूनी सहायता अधिकृतले त्यस्तो हदम्याद वा म्यादभित्रै तत्काल लिखत तयार गरी मुद्दा दर्ता गर्नु वा अन्य निःशुल्क कानूनी सहायता उपलब्ध गराउनु पर्नेछ।

(५) यस ऐनबमोजिम निःशुल्क कानूनी सहायता प्राप्त गर्न नसक्ने व्यक्तिले झुट्टा बेहोरा गरी निःशुल्क कानूनी सहायता प्राप्त गर्न सक्नेछैन।

(६) झुट्टा बेहोरा वा विवरण पेस गरी निःशुल्क कानूनी सहायता लिइरहेको भए त्यस्तो सहायता तुरून्त रोक्नु पर्नेछ।

७. **<u>अदालती शुल्क नलाग्ने</u>** : (१) असमर्थ पक्षले अदालतमा मुद्दा दायर गर्दा अदालती शुल्क तत्काल बुझाउन असमर्थ भएको कारण जनाई अदालतमा निवेदन दिन सक्नेछ।

(२) उपदफा (१) बमोजिमको निवेदनमा अदालतले जाँचबुझ गर्दा विश्वास गर्नुपर्ने मनासिब आधार भएमा मुद्दा हेर्ने अधिकारीले कारण सहितको पर्चा खडा गरी अदालती शुल्क पूर्ण वा आंशिक रूपमा छुट दिनेगरी वा अदालती शुल्क पछि लिनेगरी मुद्दा दर्ता तथा कारबाही गर्ने आदेश दिन सक्नेछ।

(३) उपदफा (२) बमोजिम अदालतबाट अदालती शुल्क पछि लिनेगरी आदेश भएमा सम्बन्धित कर्मचारीले के कति अदालती शुल्क लिन बाँकी छ स्पष्ट लेखी त्यसको अभिलेख मिसिल साथ राख्नु पर्नेछ।

(४) प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भए तापनि अदालतले निःशुल्क कानूनी सहायता उपलब्ध गराउने कानून व्यवसायी वा सोसँग सम्बन्धित कर्मचारीलाई सम्बन्धित मुद्दाको मिसिलसाथ संलग्न कागजातको नक्कल दिँदा दस्तुर नलिई दिनु पर्नेछ।

८. **<u>कानूनी सचेतना कार्यक्रम सञ्चालन गर्ने</u>** : (१) सङ्घ, प्रदेश र स्थानीय तहले कानूनका आधारभूत विषय तथा निःशुल्क कानूनी सहायताको सम्बन्धमा जानकारी दिन कानूनी सचेतना कार्यक्रम सञ्चालन गर्नेछ।

(२) उपदफा (१) बमोजिम कार्यक्रम सञ्चालन गर्दा सम्बन्धित स्थानीय न्यायिक समितिसँगको समन्वय तथा सहकार्यमा गर्नु पर्नेछ।

(३) उपदफा (१) बमोजिम सञ्चालन गरिने कार्यक्रमका लागि कानून व्यवसायी, विश्वविद्यालयमा कानून विषय अध्ययन गर्ने विद्यार्थी, नेपाल सरकार वा प्रदेश सरकारका सम्बन्धित मन्त्रालय वा कार्यालयका कर्मचारी तथा स्थानीय तहका सामाजिक परिचालक वा स्वयंसेवकलाई परिचालन गर्न सकिनेछ।

(४) यस दफाबमोजिम सञ्चालन गरिएको कानूनी सचेतना सम्बन्धी कार्यक्रमको विवरण दफा ४२ बमोजिमको विद्युतीय प्रणालीमा समेत प्रविष्टि गर्नु पर्नेछ।

९. **<u>निःशुल्क कानूनी सहायता घुम्ती शिविर सञ्चालन गर्ने</u>** : (१) कार्यकारी समिति, प्रदेश समिति वा जिल्ला समितिले न्यायिक समितिको समन्वयमा असमर्थ पक्षलाई कानूनी परामर्श उपलब्ध गराउनको लागि आवश्यकताअनुसार निःशुल्क कानूनी सहायता घुम्ती शिविर सञ्चालन गर्न सक्नेछन्।

(२) उपदफा (१) बमोजिम कार्यकारी समिति वा प्रदेश समितिले घुम्ती शिविर सञ्चालन गर्दा जिल्ला समितिसँग र जिल्ला समितिले घुम्ती शिविर सञ्चालन गर्दा जिल्ला सरकारी वकिल कार्यालय तथा जिल्लास्थित नेपाल बारका इकाईसँग समेत समन्वय गर्नु पर्नेछ।

१०. **मनोसामाजिक परामर्श सेवा उपलब्ध गराउनु पर्ने** : (१) जिल्ला समितिले निःशुल्क कानूनी सहायता माग गर्न आएको असमर्थ पक्षलाई मनोसामाजिक परामर्श उपलब्ध गराउनु पर्ने अवस्था भएमा त्यस्तो पक्षलाई निःशुल्क मनोसामाजिक परामर्श उपलब्ध गराउनु पर्नेछ।

(२) उपदफा (१) बमोजिम मनोसामाजिक परामर्श उपलब्ध गराउन जिल्ला समितिले जिल्लाभित्र त्यस्तो सेवा उपलब्ध गराउने व्यक्ति तथा सरकारी वा गैरसरकारी कार्यालय, निकाय वा संस्थाको नाम, ठेगाना तथा सम्पर्क नम्बर सहितको सूची (रोष्टर) तयार गरी अद्यावधिक गर्नु पर्नेछ।

(३) उपदफा (१) बमोजिम मनोसामाजिक परामर्श सेवा उपलब्ध गराउँदा सरकारी कार्यालय, निकाय वा संस्था वा त्यस्तो सेवा निःशुल्क रूपमा उपलब्ध गराउने संस्था वा व्यक्तिबाट उपलब्ध गराउन प्राथमिकता दिनु पर्नेछ।

(४) उपदफा (३) बमोजिम सेवा सहज रूपमा उपलब्ध हुने अवस्था नभएमा जिल्ला समितिले उपदफा (२) बमोजिमको सूचीमा नाम समावेश भएका अन्य मनोसामाजिक परामर्शकर्ताबाट पीडितलाई त्यस्तो सेवा उपलब्ध गराउने व्यवस्था मिलाउन सक्नेछ।

(५) उपदफा (४) बमोजिम मनोसामाजिक परामर्श उपलब्ध गराउने व्यक्तिलाई कार्यकारी समितिले निर्धारण गरे बमोजिमको सेवा शुल्क बापतको रकम उपलब्ध गराउनु पर्नेछ।

(६) जिल्ला समितिले असमर्थ पक्षलाई मनोसामाजिक परामर्श उपलब्ध गराउन जिल्ला भित्रका स्थानीय तहसँग समन्वय तथा सहकार्य गर्न सक्नेछ।

(७) यस दफा बमोजिमको मनोसामाजिक परामर्श सेवा जिल्ला समितिसँग समन्वय गरी स्थानीय तहले उपलब्ध गराउन सक्नेछ।

(८) मनोसामाजिक परामर्श सेवाको सञ्चालनको स्तर तथा त्यस्तो सेवा उपलब्ध गराउने व्यक्तिको योग्यता तथा सो सम्बन्धी अन्य व्यवस्था तोकिएबमोजिम हुनेछ।

११. **विषयगत विज्ञबाट सेवा उपलब्ध गराउन सकिने** : (१) निःशुल्क कानूनी सहायता उपलब्ध गराइने कुनै मुद्दामा रहेको विषयवस्तु तथा कानूनी जटिलताको कारणबाट सम्बन्धित विषयको विज्ञ कानून व्यवसायीबाट लिखत तयारी तथा अदालतमा बहस पैरवी गराउनुपर्ने भएमा जिल्ला समितिले सो विषयका विज्ञ कानून व्यवसायीबाट त्यस्तो निःशुल्क कानूनी सहायता उपलब्ध गराउने निर्णय गर्न सक्नेछ।

(२) निःशुल्क कानूनी सहायता उपलब्ध गराउँदा लैङ्गिक हिंसा वा घरेलु हिंसा पीडित महिलालाई उपलब्ध भएसम्म विषयगत विज्ञ महिला कानून व्यवसायीबाट उपलब्ध गराउनु पर्नेछ।

(३) उपदफा (१) र (२) को प्रयोजनको लागि जिल्ला समितिले जिल्लामा रहेका कानून व्यवसायीको विषयगत विज्ञता खुल्ने गरी नाम, ठेगाना तथा सम्पर्क नम्बर सहितको सूची (रोष्टर) तयार गरी अद्यावधिक गर्नु पर्नेछ।

(४) उपदफा (१) वा (२) बमोजिम निःशुल्क कानूनी सहायता उपलब्ध गराउने विज्ञ कानून व्यवसायीलाई कार्यकारी समितिले निर्धारण गरे बमोजिमको सेवा शुल्क बापतको रकम जिल्ला समितिले उपलब्ध गराउनु पर्नेछ।

(५) यस दफाबमोजिम विषयगत विज्ञबाट सेवा उपलब्ध गराउने, विषयगत विज्ञ कानून व्यवसायीको सूची तयार गर्ने तथा सूचीबाट हटाउने सम्बन्धी अन्य व्यवस्था तोकिएबमोजिम हुनेछ।

(६) उपदफा (३) बमोजिम जिल्ला समितिले तयार गरेको सूची र सूचीमा उल्लेख भएका विज्ञले प्रदान गरेको कानूनी सहायताको विवरण दफा ४२ बमोजिमको विद्युतीय प्रणालीमा अद्यावधिक गर्नु पर्नेछ।

१२. **साङ्केतिक भाषा प्रयोग गर्नुपर्ने** : सुनाई, स्वर वा बोलाई सम्बन्धी अपाङ्गता भएका व्यक्तिलाई निःशुल्क कानूनी सहायता उपलब्ध गराउँदा साङ्केतिक भाषासमेत प्रयोग गर्नु पर्नेछ।

## परिच्छेद-३
## परिषद् तथा कार्यकारी समिति

१३. **राष्ट्रिय कानूनी सहायता परिषद्** : (१) निःशुल्क कानूनी सहायतालाई सहज तथा प्रभावकारी रूपमा उपलब्ध गराउनको लागि नीतिगत मार्गदर्शन गर्न राष्ट्रिय कानूनी सहायता परिषद् रहनेछ।

(२) परिषद्को गठन देहायबमोजिम हुनेछः-

(क) कानून, न्याय तथा संसदीय मामिला मन्त्री -अध्यक्ष

(ख) महान्यायाधिवक्ता -सदस्य

(ग) मुख्य रजिष्ट्रार, सर्वोच्च अदालत -सदस्य

(घ) सचिव (कानून), प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय -सदस्य

(ङ) सचिव, अर्थ मन्त्रालय -सदस्य

(च) प्रहरी महानिरीक्षक, नेपाल प्रहरी -सदस्य

(छ) मुख्य न्यायाधिवक्ता (सबै प्रदेश) -सदस्य

(ज) अध्यक्ष, नेपाल बार एशोसिएशन -सदस्य

(झ) निःशुल्क कानूनी सहायता प्रदान गर्ने संस्थामध्येबाट परिषद्ले मनोनयन गरेको कम्तीमा एकजना महिला सहित दुई जना -सदस्य

(ञ) अध्यक्ष, नेपाल नगरपालिका सङ्घ -सदस्य

(ट) अध्यक्ष, राष्ट्रिय गाउँपालिका महासङ्घ -सदस्य

(ठ) कानूनी शिक्षा अध्यापन गराउने विश्वविद्यालयमध्येबाट

परिषद्ले मनोनयन गरेको कानून सङ्कायको डीन एकजना -सदस्य

(ड) सचिव, मन्त्रालय -सदस्य-सचिव

(३) उपदफा (२) को खण्ड (झ) र (ठ) बमोजिमका सदस्यको पदावधि दुई वर्षको हुनेछ।

(४) उपदफा (३) मा जुनसुकै कुरा लेखिएको भए तापनि मनोनीत सदस्यले आफ्नो पदीय जिम्मेवारी पूरा नगरेमा परिषद्ले त्यस्तो सदस्यलाई जुनसुकै बखत पदबाट हटाउन सक्नेछ।

तर त्यसरी पदबाट हटाउनुअघि त्यस्तो सदस्यलाई सफाइ पेस गर्ने मनासिब मौका दिनु पर्नेछ।

१४. <u>**परिषद्को बैठक सम्बन्धी व्यवस्था**</u> : (१) परिषद्को बैठक आवश्यकताअनुसार बस्नेछ।

(२) परिषद्को बैठक अध्यक्षले तोकेको मिति, समय र स्थानमा बस्नेछ।

(३) परिषद्को सदस्य-सचिवले अध्यक्षसँगको परामर्शमा परिषद्को बैठक बस्ने मिति, समय, स्थान र बैठकमा छलफल हुने विषयको सूची सहितको सूचना बैठक बस्नुभन्दा कम्तीमा अठ्चालीस घण्टा अगावै सबै सदस्यलाई पठाउनु पर्नेछ।

तर तत्काल परिषद्को बैठक बोलाउन आवश्यक भएमा परिषद्को सदस्य-सचिवले अध्यक्षसँगको परामर्शमा अठ्चालीस घण्टा अगावै परिषद्को बैठक बोलाउन सक्नेछ र यसरी बैठक बोलाइएकोमा परिषद्को सदस्य-सचिवले सोको सूचना यथाशीघ्र सबै सदस्यले प्राप्त गर्ने गरी पठाउनु पर्नेछ।

(४) परिषद्मा तत्काल कायम रहेका सदस्य सङ्ख्याको पचास प्रतिशत भन्दा बढी सदस्य उपस्थित भएमा परिषद्को बैठकको लागि गणपूरक सङ्ख्या पुगेको मानिनेछ।

(५) परिषद्को बैठकको अध्यक्षता अध्यक्षले गर्नेछ।

(६) परिषद्को बैठकमा बहुमतको निर्णय मान्य हुनेछ र मत बराबर भएमा बैठकको अध्यक्षता गर्ने व्यक्तिले निर्णायक मत दिनेछ।

(७) परिषद्ले कुनै विषय विज्ञ वा पदाधिकारीलाई परिषद्को बैठकमा भाग लिन आमन्त्रण गर्न सक्नेछ।

(८) परिषद्को बैठकको निर्णय परिषद्को अध्यक्ष र सदस्य-सचिवले प्रमाणित गरी राख्नु पर्नेछ।

(९) परिषद्को बैठक विद्युतीय माध्यमबाट समेत सञ्चालन गर्न सकिनेछ।

(१०) परिषद्को बैठक सम्बन्धी अन्य कार्यविधि परिषद् आफैंले निर्धारण गर्न सक्नेछ।

१५. <u>**परिषद्को काम, कर्तव्य र अधिकार**</u> : यस ऐनमा अन्यत्र उल्लिखित काम, कर्तव्य र अधिकारको अतिरिक्त परिषद्को काम, कर्तव्य र अधिकार देहायबमोजिम हुनेछ :-

(क) निःशुल्क कानूनी सहायतालाई प्रभावकारी बनाउनको लागि अवलम्बन गर्नुपर्ने नीतिगत व्यवस्थाको लागि नेपाल सरकारलाई सुझाव दिने,

(ख) निःशुल्क कानूनी सहायता सम्बन्धी एकीकृत कार्यक्रम तथा कार्ययोजना स्वीकृत गर्ने,

(ग) कार्यकारी समिति, प्रदेश समिति तथा जिल्ला समितिको काम कारबाहीको रेखदेख गर्ने तथा त्यस्ता समितिलाई आवश्यकताअनुसार निर्देशन दिने,

(घ) निःशुल्क कानूनी सहायता सम्बन्धी कार्यको लागि आर्थिक स्रोतको व्यवस्थापन गर्ने तथा बजेट स्वीकृत गर्ने,

(ङ) निःशुल्क कानूनी सहायता सञ्चालन सम्बन्धी गुणस्तर तथा मापदण्ड निर्धारण गर्ने,

(च) विभिन्न सङ्घ संस्थाबाट उपलब्ध गराइने निःशुल्क कानूनी सहायतालाई व्यवस्थित गर्न आवश्यक मापदण्ड निर्धारण गर्ने तथा त्यस्ता सङ्घ संस्थाले पालना गर्नुपर्ने शर्त निर्धारण गर्ने,

(छ) निःशुल्क कानूनी सहायताको अनुगमन तथा मूल्याङ्कन गर्ने, गराउने,

(ज) निःशुल्क कानूनी सहायता अधिकृत तथा निःशुल्क कानूनी सहायता प्रदान गर्ने सेवा प्रदायकको लागि आचार संहिता निर्धारण गर्ने,

(झ) परिषद्को वार्षिक प्रतिवेदन पारित गर्ने, र

(ञ) निःशुल्क कानूनी सहायता सम्बन्धी तोकिए बमोजिमका अन्य कार्य गर्ने।

१६. **कार्यकारी समितिको गठन** : (१) परिषद्को नीतिगत निर्णय र निर्देशनमा रही निःशुल्क कानूनी सहायता सम्बन्धी कार्यकारी कार्य गर्न परिषद् अन्तर्गत कार्यकारी समिति रहनेछ।

(२) कार्यकारी समितिको गठन देहायबमोजिम हुनेछ :-

(क) सचिव, कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय -संयोजक

(ख) रजिष्ट्रार, सर्वोच्च अदालत -सदस्य

(ग) नायब महान्यायाधिवक्ता, महान्यायाधिवक्ताको कार्यालय -सदस्य

(घ) सचिव, राष्ट्रिय महिला आयोग -सदस्य

(ङ) नेपाल बार एशोसिएशनको महासचिव -सदस्य

(च) मन्त्रालयको कानून सहायता सम्बन्धी विषय हेर्ने महाशाखा प्रमुख -सदस्य-सचिव

**१७. कार्यकारी समितिको बैठक सम्बन्धी व्यवस्था** : (१) कार्यकारी समितिको बैठक आवश्यकताअनुसार बस्नेछ।

(२) कार्यकारी समितिको बैठक अध्यक्षले तोकेको मिति, समय र स्थानमा बस्नेछ।

(३) कार्यकारी समितिको सदस्य-सचिवले अध्यक्षसँगको परामर्शमा कार्यकारी समितिको बैठक बस्ने मिति, समय, स्थान र बैठकमा छलफल हुने विषयको सूची सहितको सूचना बैठक बस्नु भन्दा अगावै सबै सदस्यलाई पठाउनु पर्नेछ।

(४) कार्यकारी समितिमा तत्काल कायम रहेका सदस्य सङ्ख्याको पचास प्रतिशत भन्दा बढी सदस्य उपस्थित भएमा सो समितिको बैठकको लागि गणपूरक सङ्ख्या पुगेको मानिनेछ।

(५) कार्यकारी समितिको बैठकको अध्यक्षता अध्यक्षले गर्नेछ।

(६) कार्यकारी समितिको बैठकमा बहुमतको निर्णय मान्य हुनेछ र मत बराबर भएमा बैठकको अध्यक्षता गर्ने व्यक्तिले निर्णायक मत दिनेछ।

(७) कार्यकारी समितिको बैठकको निर्णय सो समितिको अध्यक्ष र सदस्य-सचिवले प्रमाणित गरी राख्नु पर्नेछ।

(८) कार्यकारी समितिले निःशुल्क कानूनी सहायता सम्बन्धी विषय विज्ञ वा पदाधिकारीलाई समितिको बैठकमा भाग लिन आमन्त्रण गर्न सक्नेछ।

(९) कार्यकारी समितिको बैठक सम्बन्धी अन्य कार्यविधि समिति आफैंले निर्धारण गरेबमोजिम हुनेछ।

**१८. कार्यकारी समितिको काम, कर्तव्य र अधिकार** : यस ऐनमा अन्यत्र उल्लेख भएको अतिरिक्त कार्यकारी समितिको काम, कर्तव्य र अधिकार देहायबमोजिम हुनेछ :-

(क) परिषद्को वार्षिक कार्यक्रम तथा बजेट तयार गरी स्वीकृतिको लागि परिषद्मा पेस गर्ने,

(ख) निःशुल्क कानूनी सहायता उपलब्ध गराउने कानून व्यवसायीको मापदण्ड तयार गरी स्वीकृतिको लागि परिषद्समक्ष पेस गर्ने,

(ग) निःशुल्क कानूनी सहायताको लागि आवश्यक पर्ने रकम जिल्ला समितिलाई उपलब्ध गराउने,

(घ) निःशुल्क कानूनी सहायता सम्बन्धी एकीकृत कार्यक्रम तथा कार्ययोजना निर्धारण गर्ने,

(ङ) निःशुल्क कानूनी सहायता सम्बन्धी कामको लागि आवश्यकताअनुसार विभिन्न कार्यदल गठन गर्ने तथा त्यस्ता कार्यदलको काम, कर्तव्य र अधिकार तोक्ने,

(च) निःशुल्क कानूनी सहायता प्रदान गर्ने सङ्घ संस्थालाई सूचीकृत गरी सोको अभिलेख राख्ने,

(छ) जिल्ला समितिको काम कारबाहीको अनुगमन तथा मूल्याङ्कन गर्ने,

(ज) प्रदेश समिति तथा जिल्ला समितिबाट उपलब्ध गराइएका निःशुल्क कानूनी सहायताको विषयमा प्राप्त विवरणको आधारमा निःशुल्क कानूनी सहायता प्रदान गरिएका मुद्दाको विवरण, भएको खर्च तथा देखिएका समस्याको विषयसमेत समावेश गरी प्रत्येक तीन महिनामा त्रैमासिक र प्रत्येक आर्थिक वर्षमा वार्षिक प्रतिवेदन तयार गरी परिषद्समक्ष पेस गर्ने,

(झ) सर्वसाधारणलाई कानून र निःशुल्क कानूनी सहायता सम्बन्धमा जानकारी गराउन परिचयात्मक पुस्तक पुस्तिका प्रकाशन तथा वितरण गर्ने र सो कामको लागि अनुसन्धान गर्ने वा गराउने,

(ञ) परिषद्को निर्णय कार्यान्वयन गर्ने वा गराउने,

(ट) जिल्ला समितिलाई आवश्यक पर्ने वित्तीय तथा भौतिक स्रोत साधन उपलब्ध गराउने,

(ठ) स्वीकृत बजेट तथा कार्यक्रमको अधीनमा रही निःशुल्क कानूनी सहायता अधिकृतलाई तालीम तथा क्षमता विकासका कार्यक्रम सञ्चालन गर्ने, र

(ड) तोकिए बमोजिमका अन्य कार्य गर्ने।

**१९. <u>सचिवालय</u>** : (१) परिषद् र कार्यकारी समितिको सचिवालय मन्त्रालयमा रहनेछ।

(२) उपदफा (१) बमोजिमको सचिवालयको लागि आवश्यक जनशक्ति तथा स्रोत साधन मन्त्रालयले व्यवस्था गर्नेछ।

(३) उपदफा (१) बमोजिमको सचिवालयको काम, कर्तव्य र अधिकार देहायबमोजिम हुनेछः-

(क) परिषद्बाट भएका निर्णय कार्यान्वयन भए नभएको अनुगमन गर्ने,

(ख) परिषद्सँग सम्बन्धित प्रशासनिक कार्य गर्ने,

(ग) निःशुल्क कानूनी सहायता सम्बन्धमा प्राप्त गुनासो सुनुवाइको लागि कार्यकारी समिति समक्ष पेस गर्ने,

(घ) कार्यकारी समितिसँग सम्बन्धित काम गर्ने, र

(ङ) परिषद् तथा कार्यकारी समितिले तोके बमोजिमको अन्य कार्य गर्ने।

(४) सचिवालयले परिषद्को अध्यक्षको निर्देशनमा परिषद्को बैठक सञ्चालनको लागि आवश्यक समन्वय गर्नेछ।

## परिच्छेद-४
## प्रदेश तथा जिल्ला कानूनी सहायता समिति

२०. **प्रदेशले कानूनी सहायता उपलब्ध गराउने** : (१) प्रदेश सरकारले असमर्थ पक्षलाई आफ्नो प्रदेशमा निःशुल्क कानूनी सहायता उपलब्ध गराउन सक्नेछ।

(२) उपदफा (१) बमोजिम निःशुल्क कानूनी सहायता उपलब्ध गराउँदा प्रदेश सरकारबाट नियुक्त हुने निःशुल्क कानूनी सहायता अधिकृतको छनौट, सिफारिस, नियुक्ति तथा निजको सेवाको शर्त सम्बन्धी व्यवस्था प्रदेश कानूनबमोजिम हुनेछ।

(३) उपदफा (१) बमोजिम निःशुल्क कानूनी सहायता उपलब्ध गराउँदा यस ऐनबमोजिम असमर्थ पक्षलाई नेपाल सरकारबाट उपलब्ध गराइने निःशुल्क कानूनी सहायतासँग दोहोरो नहुने गरी उपलब्ध गराउनु पर्नेछ।

(४) प्रदेश सरकारबाट असमर्थ पक्षलाई उपलब्ध गराइएको निःशुल्क कानूनी सहायताको विवरण दफा ४२ बमोजिमको विद्युतीय प्रणालीमा समेत प्रविष्टि गर्नु पर्नेछ।

२१. **प्रदेश कानूनी सहायता समिति** : (१) असमर्थ पक्षलाई निःशुल्क कानूनी सहायता उपलब्ध गराउने, प्रदेश भित्रका जिल्लाका जिल्ला कानूनी सहायता समितिसँग समन्वय गर्ने तथा त्यस्तो समितिको काम कारबाहीको अनुगमन तथा मूल्याङ्कन गर्ने प्रयोजनको लागि प्रदेश सरकारले प्रदेश कानूनबमोजिम प्रदेश कानूनी सहायता समिति गठन गर्न सक्नेछ।

(२) प्रदेश समितिले प्रदेश र स्थानीय स्तरमा निःशुल्क कानूनी सहायता कार्यक्रम तर्जुमा गरी कार्यान्वयन गर्नेछ।

(३) प्रदेश समितिले आफूले गरेको काम कारबाहीको विवरण प्रत्येक महिना समाप्त भएको मितिले सात कार्यदिनभित्र दफा ४२ बमोजिमको विद्युतीय प्रणालीमा प्रविष्टि गर्ने र वर्षभरीमा सम्पन्न गरेका कामकारबाहीको प्रतिवेदन कार्यकारी समितिमा पेस गर्नु पर्नेछ।

(४) प्रदेश समितिको अन्य काम, कर्तव्य र अधिकार प्रदेश कानूनबमोजिम हुनेछ।

२२. **जिल्ला समितिलाई सहयोग उपलब्ध गराउन सक्ने** : (१) प्रदेश सरकारले आफ्नो प्रादेशिक क्षेत्रभित्रका जिल्ला समितिलाई प्रभावकारी बनाउन आवश्यक सहयोग उपलब्ध गराउन सक्नेछ।

(२) प्रदेश सरकारले उपदफा (१) बमोजिमको सहयोग देहायका क्षेत्रमा उपलब्ध गराउन सक्नेछ :-

(क) कार्यालय भवन भाडाको लागि लाग्ने खर्च,

(ख) निःशुल्क कानूनी सहायता अधिकृतलाई सहयोग गर्ने सहयोगी वा सहायकस्तरको कर्मचारी राखिएको अवस्थामा त्यस्तो कर्मचारीको पारिश्रमिक तथा सुविधा,

(ग) कार्यालयको विद्युत, पानी र सञ्चार खर्च,

(घ) कानूनका पुस्तक, कम्प्युटर तथा प्रिन्टर लगायतका यस्तै अन्य सामग्री,

(ङ) कार्यालय सञ्चालनका लागि आवश्यक स्टेशनरी तथा मसलन्द खर्च,

(च) कार्यालयका लागि आवश्यक फर्निचर व्यवस्थापन खर्च, र

(छ) प्रदेश सरकारले उपयुक्त ठानेका अन्य प्रकारका सहयोग।

२३. **<u>जिल्ला कानूनी सहायता समिति</u>** : (१) असमर्थ पक्षलाई निःशुल्क कानूनी सहायता उपलब्ध गराउन प्रत्येक जिल्लामा जिल्ला कानूनी सहायता समिति रहनेछ।

(२) जिल्ला समितिको गठन देहायबमोजिम हुनेछः-

(क) जिल्ला न्यायाधीश -अध्यक्ष

(ख) जिल्ला न्यायाधिवक्ता -सदस्य

(ग) जिल्ला सदरमुकाम रहेको स्थानीय तहको न्यायिक समितिको संयोजक -सदस्य

(घ) जिल्ला बार एशोसिएशनको अध्यक्ष -सदस्य

(ङ) जिल्ला प्रहरी कार्यालयको प्रमुख वा निजले तोकेको सो कार्यालयको महिला अधिकृत -सदस्य

(च) प्रमुख जिल्ला अधिकारीले तोकेको जिल्ला प्रशासन कार्यालयको कम्तीमा अधिकृतस्तरको प्रतिनिधि -सदस्य

(छ) जिल्लाभित्रका स्थानीय तहका महिला तथा बालबालिका सम्बन्धी शाखा प्रमुखहरू मध्येबाट जिल्ला समितिले मनोनीत गरेको एक जना -सदस्य

(ज) जिल्लाका कानून व्यवसायी मध्येबाट जिल्ला बार एकाइबाट मनोनीत एक जना -सदस्य

(झ) जिल्लाका निःशुल्क कानूनी सहायता प्रदायक गैरसरकारी संस्थाको प्रतिनिधित्व हुने गरी जिल्ला समितिबाट मनोनीत कम्तीमा एकजना -सदस्य

(ञ) श्रेस्तेदार, जिल्ला अदालत -सदस्य-सचिव

(३) उपदफा (२) को खण्ड (ज) र (झ) बमोजिमको सदस्यको मनोनयन गर्दा उपलब्ध भएसम्म कम्तीमा एकजना महिला सदस्य मनोनयन गर्नु पर्नेछ।

(४) उपदफा (२) बमोजिम मनोनीत सदस्यको पदावधि दुई वर्षको हुनेछ।

(५) उपदफा (४) मा जुनसुकै कुरा लेखिएको भए तापनि मनोनीत सदस्यले आफ्नो पदीय जिम्मेवारी पूरा नगरेमा जिल्ला समितिले त्यस्तो सदस्यलाई पदावधि सामप्त हुनुअघि पदबाट हटाउन सक्नेछ।

तर त्यसरी पदबाट हटाउनुअघि त्यस्तो सदस्यलाई सफाइ पेस गर्ने मनासिब मौका दिनु पर्नेछ।

(६) उपदफा (५) बमोजिम मनोनीत सदस्यको पदावधि पूरा नहुँदै पद रिक्त भएमा जुन प्रक्रियाबाट त्यस्तो सदस्य मनोनयन भएको हो सोही प्रक्रियाबाट मनोनयन गरिनेछ।

(७) जिल्ला समितिको सचिवालय जिल्ला अदालतमा रहनेछ।

(८) उपदफा (७) बमोजिमको सचिवालयलाई आवश्यक पर्ने जनशक्ति तथा स्रोत साधन सम्बन्धित जिल्ला अदालतले व्यवस्था गर्नेछ।

२४. **<u>जिल्ला समितिको बैठक सम्बन्धी व्यवस्था</u>** : (१) जिल्ला समितिको बैठक आवश्यकता अनुसार बस्नेछ।

(२) जिल्ला समितिको बैठक अध्यक्षले तोकेको मिति, समय र स्थानमा बस्नेछ।

(३) जिल्ला समितिको सदस्य-सचिवले सो समितिको बैठक बस्ने मिति, समय, स्थान र बैठकमा छलफल हुने विषयको सूची सहितको सूचना यथाशीघ्र सबै सदस्यलाई दिनु पर्नेछ।

(४) जिल्ला समितिमा तत्काल कायम रहेका सदस्य सङ्ख्याको पचास प्रतिशत भन्दा बढी सदस्य उपस्थित भएमा सो समितिको बैठकको लागि गणपूरक सङ्ख्या पुगेको मानिनेछ।

(५) जिल्ला समितिको बैठकको अध्यक्षता सो समितिको अध्यक्षले गर्नेछ।

(६) जिल्ला समितिको बैठकमा बहुमतको निर्णय मान्य हुनेछ र मत बराबर भएमा बैठकको अध्यक्षता गर्ने व्यक्तिले निर्णायक मत दिनेछ।

(७) जिल्ला समितिले कुनै विषय विज्ञ वा पदाधिकारीलाई सो समितिको बैठकमा भाग लिन आमन्त्रण गर्न सक्नेछ।

(८) जिल्ला समितिको बैठकको निर्णय सो समितिको अध्यक्ष र सदस्य-सचिवले प्रमाणित गरी सोको अभिलेख सुरक्षित राख्नु पर्नेछ।

(९) जिल्ला समितिको बैठक सम्बन्धी अन्य कार्यविधि सो समिति आफैंले निर्धारण गर्न सक्नेछ।

२५. **<u>जिल्ला समितिको काम, कर्तव्य र अधिकार</u>** : (१) जिल्ला समितिको काम, कर्तव्य र अधिकार देहायबमोजिम हुनेछ :-

(क) अदालत तथा अन्य निकायमा असमर्थ पक्षको तर्फबाट निःशुल्क कानूनी सहायता प्रदान गर्न सम्बन्धित बार एकाइसँग समन्वय गरी विषयगत विज्ञ कानून व्यवसायी तथा स्वेच्छिक निःशुल्क कानूनी सहायता (प्रो वोनो) उपलब्ध गराउने कानून व्यवसायीको सूची तयार गर्ने,

(ख) परिषद्द्वारा निर्धारित नीतिको अधीनमा रही निःशुल्क कानूनी सहायता उपलब्ध गराउने विज्ञ कानून व्यवसायीको पारिश्रमिक निर्धारण गर्ने,

(ग) निःशुल्क कानूनी सहायता उपलब्ध गराउन जिल्ला समितिले तोकेको कानून व्यवसायीले हेलचेत्र्याइँ वा लापरबाही गरी पक्षको उचित प्रतिनिधित्व हुन नसकेमा त्यस्तो कानून व्यवसायीलाई प्रचलित कानूनबमोजिम कारबाही गर्न कार्यकारी समितिसमक्ष सिफारिस गर्ने,

(घ) निःशुल्क कानूनी सहायता अधिकृतको काम तथा जिम्मेवारीको बाँडफाँड गर्ने,

(ङ) निःशुल्क कानूनी सहायता अधिकृतको क्षमता अभिवृद्धि सम्बन्धी कार्यक्रम सञ्चालन गर्ने,

(च) जिल्ला समितिको आय तथा व्ययको लेखा परीक्षण समयमै गराई सोको प्रतिवेदन परिषद्मा पेस गर्नको लागि कार्यकारी समितिमा पठाउने,

(छ) कानून विषयमा स्नातक अध्ययन गरिरहेका विद्यार्थीहरूलाई इन्टर्नको रूपमा काममा लगाउने, र

(ज) तोकिए बमोजिमका अन्य कार्य गर्ने।

(२) जिल्ला समितिले जिल्लामा स्वेच्छिक निःशुल्क कानूनी सहायता (प्रो वोनो) प्रदान गर्ने कानून व्यवसायी र निःशुल्क कानूनी सहायता उपलब्ध गराउने गैरसरकारी संस्थासँग समन्वय गरी निःशुल्क कानूनी सहायता उपलब्ध गराउने व्यवस्था गर्नु पर्नेछ।

(३) जिल्ला समितिले कुनै असमर्थ पक्षलाई निःशुल्क कानूनी सहायता उपलब्ध गराउनको लागि स्वेच्छिक निःशुल्क कानूनी सहायता (प्रो वोनो) प्रदान गर्ने कानून व्यवसायी वा निःशुल्क कानूनी सहायता उपलब्ध गराउने गैरसरकारी संस्थासमक्ष सिफारिस गरी पठाउन सक्नेछ र कानून व्यवसायी वा गैरसरकारी संस्थाले पनि कुनै असमर्थ पक्षलाई निःशुल्क कानूनी सहायता उपलब्ध गराउनको लागि जिल्ला समितिमा सिफारिस गरी पठाउन सक्नेछ।

(४) उपदफा (३) बमोजिम सिफारिस भएका असमर्थ पक्षलाई निःशुल्क कानूनी सहायता उपलब्ध गराउनु सम्बन्धित पक्षको कर्तव्य हुनेछ।

(५) जिल्ला समितिले असमर्थ पक्षलाई निःशुल्क कानूनी सहायता उपलब्ध गराउन सो समितिमा रहेका मुद्दाको सङ्ख्या, निःशुल्क कानूनी सहायता अधिकृतको उपलब्धता, मुद्दाको प्रकृति समेत विचार गरी वैतनिक कानून व्यवसायीलाई निःशुल्क कानूनी सहायता अधिकृतले गर्ने कार्यसमेत गर्नेगरी तोक्न सक्नेछ।

(६) जिल्ला समितिले यस दफाबमोजिम स्वेच्छिक निःशुल्क कानूनी सहायता (प्रो वोनो) प्रदान गर्ने कानून व्यवसायी, निःशुल्क कानूनी सहायता उपलब्ध गराउने गैरसरकारी संस्था तथा वैतानिक वकिलले प्रदान गरेको निःशुल्क कानूनी सहायताको विवरण मन्त्रालयले विकास गरेको विद्युतीय प्रणालीमा अद्यावधिक गर्नु पर्नेछ।

२६. <u>स्थानीय तहले निःशुल्क कानूनी सहायता उपलब्ध गराउने</u> : (१) प्रत्येक स्थानीय तहले आफ्नो स्थानीय तहमा निःशुल्क कानूनी सहायता उपलब्ध गराउन आवश्यक व्यवस्था गर्न सक्नेछ।

(२) स्थानीय तहले निःशुल्क कानूनी सहायता प्राप्तिको लागि वा त्यस्तो सहायता प्राप्त गरी मुद्दा मामिला गर्दा स्थानीय तहबाट सदरमुकामसम्म जाँदा वा फर्कदाको खर्च व्यहोर्न नसक्ने असमर्थ पक्षलाई त्यसरी यात्रा गर्दाको यातायात खर्च, बास खर्च र खाना खर्च वापत लाग्ने खर्च रकमसमेत सहायतास्वरूप उपलब्ध गराउन सक्नेछ।

(३) स्थानीय तहले आफ्नो क्षेत्रमा निःशुल्क कानूनी सहायता उपलब्ध गराउँदा जिल्ला समितिसँगको समन्वयमा त्यस्तो सहयोग मिलाउने व्यवस्था गर्न सक्नेछ।

(४) उपदफा (१) को प्रयोजनको लागि प्रदेश सरकारले आफ्नो प्रादेशिक क्षेत्रभित्रका स्थानीय तहलाई निःशुल्क कानूनी सहायता उपलब्ध गराउन आवश्यक सहयोग उपलब्ध गराउन सक्नेछ।

(५) स्थानीय तहले यस दफाबमोजिम उपलब्ध गराएको निः शुल्क कानूनी सहायता सम्बन्धी विवरण प्रत्येक महिना समाप्त भएको मितिले सातकार्यदिन भित्र सम्बन्धित जिल्ला समितिमा उपलब्ध गराउनु पर्नेछ।

(६) जिल्ला समितिले उपदफा (६) बमोजिमको विवरण मन्त्रालयले विकास गरेको विद्युतीय प्रणालीमा अद्यावधिक गर्नु पर्नेछ।

## परिच्छेद-५
## कोष, लेखा तथा कर्मचारी

२७. **निःशुल्क कानूनी सहायता कोष** : (१) निःशुल्क कानूनी सहायता उपलब्ध गराउन निःशुल्क कानूनी सहायता कोष नामको एक कोष रहनेछ।

(२) कोषमा देहाय बमोजिमका रकम रहनेछन् :-

(क) नेपाल सरकारबाट प्राप्त रकम,

(ख) कुनै स्वदेशी व्यक्ति, संस्था वा निकायले सहयोग स्वरूप उपलब्ध गराएको रकम,

(ग) कुनै विदेशी व्यक्ति, संस्था वा निकायले सहयोग स्वरूप उपलब्ध गराएको रकम, र

(घ) अन्य कुनै स्रोतबाट प्राप्त रकम।

(३) उपदफा (२) को खण्ड (ग) बमोजिमको रकम प्राप्त गर्नुअघि नेपाल सरकारको अर्थ मन्त्रालयको सहमति लिनु पर्नेछ।

(४) यो ऐन प्रारम्भ हुँदाका बखत नेपाल सरकारले निःशुल्क कानूनी सहायता बापत वैतानिक कानून व्यवसायीलाई प्रदान गर्ने रकम बाहेक केन्द्रीय कानूनी सहायता समिति तथा अन्य सरकारी निकायलाई प्रदान गर्दै आएको रकम यो ऐन प्रारम्भ भए पछि कोषमा जम्मा गर्नु पर्नेछ।

(५) कोषमा प्राप्त हुन आएको रकम प्रचलित कानूनबमोजिम इजाजतपत्रप्राप्त "क" वर्गका बैङ्कहरू मध्येबाट कार्यकारी समितिले तोकेको बैङ्कमा खाता खोली जम्मा गरिनेछ।

(६) कोषबाट जिल्ला समितिलाई रकम उपलब्ध गराउने आधार, त्यस्तो रकमको हद तथा वितरण प्रक्रिया सम्बन्धी अन्य कार्यविधि तोकिएबमोजिम हुनेछ।

(७) उपदफा (६)बमोजिम निःशुल्क कानूनी सहायता उपलब्ध गराउने प्रयोजनका लागि जिल्ला समितिलाई उपलब्ध गराइएको रकम अन्य प्रयोजनको लागि खर्च गर्न पाइनेछैन।

२८. **छुट्टै बैङ्क खाता रहने** : (१) निःशुल्क कानूनी सहायता उपलब्ध गराउने कार्यको लागि जिल्ला समितिको छुट्टै बैङ्क खाता रहनेछ।

(२) उपदफा (१) बमोजिमको खातामा नेपाल सरकार तथा प्रदेश सरकारबाट निःशुल्क कानूनी सहायताको लागि प्राप्त रकम रहनेछ।

(३) जिल्ला समितिबाट निःशुल्क कानूनी सहायता उपलब्ध गराउँदा हुने सम्पूर्ण खर्च उपदफा (१) बमोजिमको खाताबाट खर्च लेखिनेछ।

२९. **जिल्ला समितिलाई रकम उपलब्ध गराउनु पर्ने** : कार्यकारी समितिले निःशुल्क कानूनी सहायता अधिकृतको पारिश्रमिक र कार्यालय व्यवस्थापनको लागि आवश्यक बजेट सम्बन्धित जिल्ला समितिलाई उपलब्ध गराउनु पर्नेछ।

३०. **लेखा र लेखापरीक्षण** : (१) कोषको आय व्ययको लेखा प्रचलित कानून बमोजिमको ढाँचामा राख्नु पर्नेछ।

(२) जिल्ला समितिले आफ्नो आयव्ययको लेखा प्रचलित कानून बमोजिमको ढाँचामा राख्नु पर्नेछ।

(३) कोष र जिल्ला समितिको आय व्ययको लेखापरीक्षण महालेखा परीक्षकबाट हुनेछ।

३१. **निःशुल्क कानूनी सहायता अधिकृत** : (१) जिल्ला समितिले निःशुल्क कानूनी सहायता उपलब्ध गराउनको लागि मान्यता प्राप्त विश्वविद्यालयबाट कानूनमा कम्तीमा स्नातक उपाधि हासिल गरी अधिवक्ताको प्रमाणपत्र प्राप्त गरेको र कम्तीमा दुई वर्ष कानून व्यवसाय गरेका कानून व्यवसायीहरू मध्येबाट तोकिए बमोजिमको प्रक्रिया पूरा गरी बढीमा दुई वर्षको लागि करार गरी निःशुल्क कानूनी सहायता अधिकृत नियुक्त गर्नेछ।

(२) उपदफा (१) बमोजिमको अधिकृतको काम सन्तोषजनक भएमा निजलाई निःशुल्क कानूनी सहायता अधिकृतमा करार गरी पुनः नियुक्त गर्न सकिनेछ।

(३) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि यो ऐन प्रारम्भ हुँदाका बखत जिल्ला समितिमा कार्यरत उपदफा (१) बमोजिमको योग्यता पुगेको कर्मचारीलाई यस ऐन बमोजिमको निःशुल्क कानूनी सहायता अधिकृतमा नियुक्ति गरिनेछ।

(४) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि देहायको अवस्थामा निःशुल्क कानूनी सहायता अधिकृतलाई जिल्ला समितिले जुनसुकै बखत सो पदबाट हटाउन सक्नेछ :-

(क) गुणस्तरीय निःशुल्क कानूनी सहायता प्रदान गर्न नसकेमा,

(ख) निजले प्रभावकारी रूपमा कार्यसम्पादन गरेको नदेखिएमा,

(ग) निजको कार्य सम्पादन सम्बन्धमा सेवाग्राहीबाट प्राप्त गुनासोको जाँचबुझ गर्दा त्यस्तो गुनासो सही ठहरेमा वा निःशुल्क कानूनी सहायता उपलब्ध गराउने काममा उदासिन रहेमा, वा

(घ) यस ऐनबमोजिम तोकिएको मापदण्ड, शर्त तथा आचार संहिताको पालना नगरेमा।

(५) उपदफा (४) बमोजिम पदबाट हटाउनु अघि निजलाई सफाइ पेस गर्न मनासिव मौका दिनु पर्नेछ।

(६) यस दफाबमोजिम नियुक्त भएका निःशुल्क कानूनी सहायता अधिकृतले यस ऐनमा उल्लिखितबाहेक अन्य मुद्दामा बहस, पैरवी गर्न र अन्यत्र काम गर्न पाउनेछैन।

(७) यस दफाबमोजिम नियुक्त भएको कानूनी सहायता अधिकृतले जिल्ला समितिअन्तर्गत रही काम गर्नु पर्नेछ।

(८) उपदफा (१) बमोजिमको निःशुल्क कानूनी सहायता अधिकृतको नियुक्ति, पारिश्रमिक, सेवाका शर्त तथा सुविधा सम्बन्धी अन्य व्यवस्था तोकिएबमोजिम हुनेछ।

३२. **आवश्यक समन्वय गर्नुपर्ने** : प्रचलित कानूनबमोजिम नियुक्त हुने वैतनिक कानून व्यवसायीले निःशुल्क कानूनी सहायता प्रदान गर्दा सम्बन्धित जिल्लाको निःशुल्क कानूनी सहायता अधिकृतसँग तथा सम्बन्धित जिल्लाको निःशुल्क कानूनी सहायता अधिकृतले निःशुल्क कानूनी सहायता प्रदान गर्दा वैतनिक कानून व्यवसायीसँग आवश्यक समन्वय गर्नु पर्नेछ।

३३. **एकीकृत रूपमा सेवा प्रदान गर्नसक्ने** : प्रदेश कानूनी सहायता समिति, जिल्ला कानूनी सहायता समिति तथा सम्बन्धित अदालतले निःशुल्क कानूनी सहायता अधिकृत तथा वैतनिक कानून व्यवसायीले प्रदान गर्ने सेवालाई आपसमा समन्वय गरी एकीकृत रूपमा सेवा प्रदान गर्न सक्नेछन्।

## परिच्छेद-६
## विविध

३४. **सूचीकृत हुनुपर्ने** : (१) निःशुल्क कानूनी सहायता उपलब्ध गराउन चाहने गैरसरकारी सङ्घ संस्थाले तोकिएबमोजिम सम्बन्धित जिल्ला समितिमा सूचीकृत हुनु पर्नेछ।

(२) उपदफा (१) बमोजिम सूचीकृतको विवरण जिल्ला समितिले कार्यकारी समितिमा पठाउनु पर्नेछ।

(३) उपदफा (१) बमोजिम सूचीकृत गर्दा तोकेको कार्यक्षेत्रगत शर्तको अधीनमा रही सूचीकृत सङ्घ संस्थाले निःशुल्क कानूनी सहायता उपलब्ध गराउनु पर्नेछ।

(४) उपदफा (१) बमोजिम सूचीकृत संस्थाले सम्बन्धित जिल्ला समितिसँग समन्वय गरी निःशुल्क कानूनी सहायता प्रदान गर्नु पर्नेछ।

(५) यस दफाबमोजिम सूचीकृत भएका गैरसरकारी सङ्घ संस्थाले आफूले प्रदान गरेको निःशुल्क कानूनी सहायताको विवरण दफा ४२ बमोजिमको विद्युतीय प्रणालीमा अद्यावधिक गर्नु पर्नेछ।

३५. **स्वेच्छिक निःशुल्क कानूनी सहायता (प्रो वोनो) सम्बन्धी व्यवस्था** : (१) जिल्ला समितिले स्वेच्छिक निःशुल्क कानूनी सहायता (प्रो वोनो) उपलब्ध गराउन इच्छुक कानून व्यवसायीको सूची बनाई सो को विवरण मन्त्रालयले विकास गरेको विद्युतीय प्रणालीमा अद्यावधिक गर्नु पर्नेछ।

(२) स्वेच्छिक निःशुल्क कानूनी सहायता (प्रो वोनो) प्रदान गर्ने कानून व्यवसायीले पुऱ्याएको योगदानको आधारमा परिषद्ले मापदण्ड बनाई सम्मान गर्न सक्नेछ।

३६. **अभिलेख राख्नुपर्ने** : (१) जिल्ला समितिले उपलब्ध गराएको निःशुल्क कानूनी सहायताको मासिक तथा वार्षिक विवरण तोकिए बमोजिमको ढाँचामा अद्यावधिक गरी राख्नु पर्नेछ।

(२) निःशुल्क कानूनी सहायता उपलब्ध गराउने गैर सरकारी सङ्घ संस्थाले आफूले जिल्लाभित्र उपलब्ध गराएको निःशुल्क कानूनी सहायताको तोकिए बमोजिमको मासिक विवरण प्रत्येक महिना सकिएको सात दिनभित्र सम्बन्धित जिल्ला समितिलाई दिनु पर्नेछ।

(३) स्वेच्छिक निःशुल्क कानूनी सहायता (प्रो वोनो) उपलब्ध गराउने कानून व्यवसायीले आफूले उपलब्ध गराएको सेवाको तोकिए बमोजिमको विवरण प्रत्येक तीन महिनामा जिल्ला समितिमा पेस गर्नु पर्नेछ।

(४) उपदफा (१), (२) र (३) बमोजिम उपलब्ध गराएको निःशुल्क कानूनी सहायताको एकीकृत विवरण तयार गरी जिल्ला समितिले प्रत्येक तीन महिनामा प्रदेश समिति र मन्त्रालयमा पठाउनु पर्नेछ।

३७. **बालबालिकाको सर्वोत्तम हितलाई ध्यान दिनुपर्ने** : यस ऐन बमोजिमको निःशुल्क कानूनी सहायता प्रदान गर्दा बालबालिकाको सर्वोत्तम हितलाई ध्यान दिनु पर्नेछ।

३८. **आचार संहिता** : परिषद्ले निःशुल्क कानूनी सहायता अधिकृत, सेवा प्रदायक कानून व्यवसायी तथा निःशुल्क कानूनी सहायता प्रदान गर्ने गैरसरकारी सङ्घ संस्थाको लागि आचार संहिता बनाई लागू गर्नेछ।

३९. **अनुगमन तथा मूल्याङ्कन गर्नुपर्ने** : (१) मन्त्रालयले निःशुल्क कानूनी सहायता सम्बन्धमा निःशुल्क कानूनी सहायता अधिकृत र जिल्ला समितिबाट भए गरेका काम कारबाहीको अनुगमन तथा मूल्याङ्कन गर्नु, गराउनु पर्नेछ।

(२) मन्त्रालय तथा जिल्ला समितिले प्रो-वोनो निःशुल्क कानूनी सहायता प्रदान गर्ने कानून व्यवसायी वा गैरसरकारी संस्थाबाट प्रदान गरिने निःशुल्क कानूनी सहायता सेवाको अनुगमन तथा मूल्याङ्कन गर्नु पर्नेछ।

(३) उपदफा (१) वा (२) बमोजिम अनुगमन तथा मूल्याङ्कन गर्दा मुद्दा हेर्ने अधिकारी तथा सेवाग्राहीको पृष्ठपोषणको आधारमा मूल्याङ्कन गर्नु पर्नेछ।

(४) निःशुल्क कानूनी सहायता सम्बन्धी कार्यक्रमको कार्यान्वयनको प्रभावकारिताको विषयमा मन्त्रालयले आवश्यकताअनुसार स्वतन्त्र विज्ञबाटसमेत अनुगमन तथा मूल्याङ्कन गराउन सक्नेछ।

४०. **असुल उपर गरी कारबाही गरिने** : (१) कसैले झुट्टा विवरण पेस गरी यस ऐनबमोजिम निःशुल्क कानूनी सहायता प्राप्त गरेको पुष्टि भएमा त्यस्तो व्यक्तिलाई निःशुल्क कानूनी सहायता उपलब्ध गराउँदा लागेको खर्च निजबाट जिल्ला समितिले सरकारी बाँकी सरह असुल गर्नेछ।

(२) उपदफा (१) बमोजिम झुट्टा विवरण पेस गर्ने व्यक्तिलाई प्रचलित कानूनबमोजिम कुनै कारबाही हुने रहेछ भने त्यस्तो कानून बमोजिमको कारबाही र सजायसमेत हुनेछ।

४१. **वार्षिक प्रतिवेदन** : (१) जिल्ला समितिले प्रत्येक आर्थिक वर्ष समाप्त भएको तीस दिनभित्र वर्ष भरीमा सो समिति, स्थानीय तह, गैर सरकारी सङ्घ संस्था र कानून व्यवसायीले निःशुल्क रूपमा उपलब्ध गराएको निःशुल्क कानूनी सहायता समेतको विवरण खुलाई वार्षिक प्रतिवेदन तयार गरी प्रदेश समिति र कार्यकारी समितिमा पठाउनु पर्नेछ।

(२) प्रदेश समितिले प्रत्येक आर्थिक वर्ष समाप्त भएको मितिले तीस दिनभित्र वर्ष भरी गरेका कामको विवरण खुलाई वार्षिक प्रतिवेदन तयार गरी कार्यकारी समितिमा पठाउनु पर्नेछ।

(३) उपदफा (१) बमोजिम जिल्ला समितिबाट प्राप्त प्रतिवेदन समेतको आधारमा कार्यकारी समितिले आर्थिक वर्ष समाप्त भएको मितिले नब्बे दिनभित्र तोकिए बमोजिमको विवरण संलग्न गरी वार्षिक प्रतिवेदन तयार गरी परिषद्मा पेस गर्नेछ र परिषद्ले उपयुक्त माध्यमबाट सार्वजनिक गर्नु पर्नेछ।

४२. **विद्युतीय प्रणाली लागू गर्ने** : (१) असमर्थ पक्षलाई उपलब्ध गराइने निःशुल्क कानूनी सहायतालाई प्रभावकारी बनाउनको लागि एकीकृत विवरण तयार गर्ने, असमर्थ पक्षको गुनासो सुनुवाइ गर्ने तथा निःशुल्क कानूनी सहायता उपलब्ध गराउने व्यक्ति तथा संस्थाको विवरण उपलब्ध गराउने, कानूनी सहायता आवश्यक भएका व्यक्तिले प्रणालीमा आवद्ध भई सेवाको माग गर्ने र सेवाप्रदायक समेत प्रणालीबाट नै खोज्नसक्ने लगायतका प्रयोजनको लागि मन्त्रालयले निःशुल्क कानूनी सहायता सम्बन्धी विद्युतीय प्रणालीको विकास गरी लागू गर्नेछ।

(२) उपदफा (१) बमोजिमको विद्युतीय प्रणालीमा प्रदेश तथा जिल्ला कानूनी सहायता समिति, कानूनी सहायता अधिकृत, वैतनिक कानून व्यवसायी, स्वेच्छिक निःशुल्क कानूनी सहायता (प्रो वोनो) उपलब्ध गराउने कानून व्यवसायी, न्यायिक समिति तथा कानूनी सहायता उपलब्ध

गराउने निकायहरूले आफूले उपलब्ध गराएको कानूनी सहायताको विवरण सो प्रणालीमा निर्दिष्ट गरिएको ढाँचामा प्रविष्टि गर्नु पर्नेछ।

४३. **कानूनी सहायता पुरस्कार** : (१) कार्यकारी समितिले प्रत्येक आर्थिक वर्षमा उपलब्ध गराएको निःशुल्क कानूनी सहायतालाई आधार मानी कुनै दुईजना निःशुल्क कानूनी सहायता अधिकृतलाई सम्बन्धित जिल्ला समितिको सिफारिसमा कानूनी सहायता पुरस्कार प्रदान गर्न सक्नेछ।

(२) कानूनी सहायता पुरस्कार सम्बन्धी अन्य व्यवस्था तोकिएबमोजिम हुनेछ।

४४. **दोहोरो रकम उपलब्ध नगराइने** : नेपाल सरकार तथा प्रदेश सरकारबाट जिल्ला समिति तथा स्थानीय तहलाई असमर्थ पक्षलाई निःशुल्क कानूनी सहायता उपलब्ध गराउँदा एउटै कार्यको लागि दोहोरो पर्ने गरी सहयोग उपलब्ध गराइनेछैन।

४५. **नियम बनाउने अधिकार** : यो ऐन कार्यान्वयन गर्न नेपाल सरकारले आवश्यक नियम बनाउन सक्नेछ।

४६. **निर्देशिका, कार्यविधि वा मापदण्ड बनाउने अधिकार** : (१) मन्त्रालयले यो ऐन वा यस ऐनअन्तर्गत बनेको नियमको अधीनमा रही आवश्यक निर्देशिका तथा कार्यविधि बनाउन सक्नेछ।

(२) परिषद्ले यो ऐन वा यस ऐनअन्तर्गत बनेको नियमको अधीनमा रही आवश्यक मापदण्ड बनाउन सक्नेछ।

४७. **खारेजी र बचाउ** : (१) कानूनी सहायता सम्बन्धी ऐन, २०५४ खारेज गरिएको छ।

(२) कानूनी सहायता सम्बन्धी ऐन, २०५४ बमोजिम भए गरेका काम कारबाही यसै ऐनबमोजिम भए गरेको मानिनेछ।